
# गण्डकी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

**अर्धवार्षिक प्रतिवेदन**
**(आर्थिक वर्ष २०७९/८०)**




**नेपाल राष्ट्र बैंक**
**पोखरा कार्यालय**
**२०८० जेठ**

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमय जस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने काम गर्दछ। यसै सन्दर्भमा मुलुकको शासकीय स्वरुपमा आएको परिवर्तनसँगै केन्द्रीय बैङ्कको भूमिकालाई थप प्रभावकारी बनाई तथ्यमा आधारित नीति निर्माण गर्ने उद्देश्यका साथ प्रदेशस्थित कार्यालयहरुबाट समेत आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) मा भएको व्यवस्था वमोजिम वार्षिक तथा अर्ध-वार्षिक रुपमा आर्थिक गतिविधि अध्ययन गर्ने र सो सम्बन्धी प्रतिवेदन प्रकाशन गर्ने गरिएको छ।

यस कार्यालयको कार्यक्षेत्रभित्र रहेका गण्डकी प्रदेशका ११ जिल्लाको समग्र आर्थिक तथा वित्तीय अवस्थाको स्थलगत सर्वेक्षणबाट प्राप्त विवरण समेटी यो प्रतिवेदन तयार पारिएको छ। प्रस्तुत प्रतिवेदनमा मूलतः कृषि, उद्योग, सेवा क्षेत्र र पुर्वाधार विकासको स्थिति र ती क्षेत्रहरुमा देखिएका विद्यमान समस्या/चुनौती तथा आगामी समयको परिदृश्यको बारेमा समेत संक्षिप्त विश्लेषण गरिएको छ । सरोकारवाला निकायका व्यक्ति एवम् विषयगत विज्ञहरुसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा यो प्रतिवेदन तयार पारिएको छ।

आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिना (२०७९ साउनदेखि पुससम्म) को अवधिमा गण्डकी प्रदेशको आर्थिक क्रियाकलापको अवस्था अपेक्षाकृत रुपमा उत्साहजनक देखिएको छैन। कृषि क्षेत्रको उत्पादनमा ह्रास आएको छ भने उद्योगहरुको क्षमता उपयोगमा आएको कमी सगै औद्योगिक उत्पादनमा समेत कमी आएको छ। सेवा क्षेत्रतर्फ, बैंक तथा वित्तीय संस्थाको शाखा संख्यामा सामान्य वृद्धि भएको छ भने ती संस्थाहरुवाट परिचालन भएको निक्षेप तथा कर्जा प्रवाहमा केहि वृद्धि भएको देखिएको छ। नमूना छनौटमा परेका होटलहरुमा पर्यटक आगमनमा कमी आएको देखिएकोमा तिनले प्रदान गर्ने रोजगारीमा भने केही वृद्धि भएको देखिएको छ । पुर्वाधार क्षेत्रतर्फ, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न भई २०७९ माघ ९ देखि आन्तरिक तर्फका उडान संचालनमा आइसकेको छ भने अन्य गौरवका आयोजनाहरुको प्रगती केही कमजोर देखिएको छ।

प्रस्तुत अध्ययन प्रतिवेदन सरकारी, निजी क्षेत्रका अतिरिक्त अध्ययन अनुसन्धान गर्ने व्यक्ति लगायत अन्य सबै सरोकालवालाहरुलाई समेत उपयोगी हुने विश्वास लिएकी छु।  अध्ययन प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण र तथ्याङ्क समयमै उपलब्ध गराई सहयोग पुऱ्याउने सरकारी कार्यालय र उद्यमी-व्यवसायीहरुप्रति आभार व्यक्त गर्दछु।  प्रतिवेदन तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण योगदान गर्नुहुने यस कार्यालयका उप-निर्देशकद्वय श्री नविना ढकाल र श्री रामकुमार कार्की तथा यस कार्यमा संलग्न हुनुहुने सहायक निर्देशकत्रय श्री ज्ञाज शर्मा, श्री ओम प्रकाश पोखेल र श्री विजया गौतम, प्रधान सहायकद्वय श्री तारा पोखरेल शर्मा र श्री सुनिल भुजेल, सहायकद्वय श्री सूर्यप्रसाद पौडेल र नविन भण्डारीलाई धन्यवाद दिन चाहन्छु।

**आर्या जोशी**
**निर्देशक**

# विषय-सूची


शीर्षक — पेज नं.

**कार्यकारी सारांश** ........ १
**परिच्छेद १: अध्ययन परिचय** ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन ........ १
१.३ अध्ययनको सीमा ........ २
१.४ अध्ययन प्रतिवेदनको ढाँचा ........ २
**परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** ........ ३
२.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा ........ ३
२.२ अन्तर प्रदेश तुलना ........ ३
२.३ गण्डकी प्रदेशको भूभाग र जनसंख्या ........ ४
२.४ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती ........ ५
**परिच्छेद ३: कृषि क्षेत्र** ........ ७
३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र ........ ७
३.२ कृषि उत्पादन ........ ९
३.३ पशुपन्छी तथा माछा ........ ११
३.४ वनजन्य उत्पादन ........ ११
३.५ सिंचाई तथा मौसम ........ १२
३.६ क्षेत्रगत कृषि कर्जा ........ १२
३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना ........ १३
**परिच्छेद ४: उद्योग क्षेत्र** ........ १६
४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी ........ १६
४.२ क्षेत्रगत औद्योगिक कर्जा ........ १७
४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना ........ १८
**परिच्छेद ५: सेवा क्षेत्र** ........ २०
५.१ पर्यटन ........ २०
५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट ........ २१
५.३ वित्तीय सेवा ........ २१
५.४ यातायात तथा संचार ........ २३
५.५ सेवा क्षेत्र कर्जा ........ २४
५.६ सहकारी ........ २५
५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना ........ २६
**परिच्छेद ६: पूर्वाधार र रोजगारी** ........ २८
६.१ पूर्वाधार क्षेत्र ........ २८
६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ........ ३०
६.३ रोजगारी ........ ३१
६.४ रोजगारीका चुनौती र सम्भावना ........ ३१
**परिच्छेद ७: प्रादेशिक कार्यक्रम तथा योजना** ........ ३२
७.१ गण्डकी प्रदेश सरकारको बजेट कार्यान्वयनको अवस्था ........ ३२
७.२ स्थानीय तहको बजेट कार्यान्वयनको अवस्था ........ ३३
७.३ व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम ........ ३४
**परिच्छेद ८: परिदृष्य** ........ ३६
८.१ कृषि उत्पादन ........ ३६
८.२ औद्योगिक उत्पादन ........ ३७
८.३ सेवा क्षेत्र ........ ३७
८.४ पूर्वाधार क्षेत्र ........ ३७

# तालिका-सूची

**शीर्षक** **पेज नं.**


| | |
|---|---|
| तालिका २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) | ३ |
| तालिका २.२: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत स्थिति (प्रतिशतमा) | ४ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत) | ८ |
| तालिका ३.२: कृषि बालीको उत्पादन (जिल्लागत) | १० |
| तालिका ३.३: प्रमुख पशुपन्छीजन्य उत्पादन (जिल्लागत) | ११ |
| तालिका ३.४: जिल्लागत कृषि कर्जा | १३ |
| तालिका ४.१: गण्डकी प्रदेशमा रहेका उद्योगहरुको औद्योगिक उत्पादन | १७ |
| तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा | १८ |
| तालिका ५.१: होटलको विवरण | २० |
| तालिका ५.२: हवाई सेवा कम्पनीको विवरण | २१ |
| तालिका ५.३: सार्वजनिक निर्माण तथा रियलस्टेट | २१ |
| तालिका ५.४: बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति २०७९ पुस | २२ |
| तालिका ५.५: बैंक तथा वित्तीय संस्थाका वित्तीय उपकरण प्रयोगकर्ताको विवरण | २३ |
| तालिका ५.६: गण्डकी प्रदेश अन्तर्गत यातायातका साधनहरुको दर्ता | २४ |
| तालिका ५.७: टेलिफोन तथा इन्टरनेट प्रयोग कर्ताको विवरण | २४ |
| तालिका ५.८: क्षेत्रगत सेवा कर्जा | २४ |
| तालिका ५.९: सहुलियतपूर्ण कर्जा | २५ |
| तालिका ५.१० : सहकारी सेवा | २५ |
| तलिका ६.१: सडक निर्माणको स्थिति | ३० |
| तालिका ६.२: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण | ३१ |
| तालिका ७.१: आर्थिक वर्ष २०७९/८० को पुस मसान्तसम्ममा राजस्व परिचालन | ३३ |
| तालिका ७.२: २०७९ पुस मसान्तसम्म स्थानीय तहको स्रोत परिचालन | ३४ |
| तालिका ७.३: कर्जाको सीमा र भुक्तानी अवधि | ३५ |
| तलिका ७.४: आ.व.२०७९/८० पुस मसान्तसम्मको क्षेत्रगत कर्जा प्रवाह | ३५ |

# चार्ट-सूची


| शीर्षक | पेज नं. |
|---|---|
| चार्ट २.१: आर्थिक वर्ष २०७९/८० को प्रादेशिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | ४ |
| चार्ट ३.१: प्रमुख खाद्यान्न बालीहरुले ढाकेको क्षेत्रफल (हेक्टर) | ८ |
| चार्ट ३.२: प्रमुख खाद्यान्न बालीहरुको उत्पादन (मे.टनमा) | १० |
| चार्ट ३.३: सिँचाई क्षेत्रमा भएको विस्तार (लाख हेक्टरमा) | १२ |
| चार्ट ४.१: क्षमता उपयोग (प्रतिशतमा) | १६ |
| चार्ट ५.१: निक्षेप तथा कर्जाको विवरण (रु. दश लाखमा) | २२ |
| चार्ट ७.१: गण्डकी प्रदेशको विनियोजित बजेटको अवस्था | ३२ |
| चार्ट ७.२: गण्डकी प्रदेशको बजेट खर्चको अवस्था | ३२ |
| चार्ट ७.३: स्थानीय तहको विनियोजित बजेट तथा खर्चको अवस्था | ३४ |

# कार्यकारी सारांश

## समष्टिगत स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा नेपालको आर्थिक वृद्धिदर आधारभूत मुल्यमा २.१६ प्रतिशत रहने अनुमान छ। गण्डकी प्रदेशको आर्थिक वृद्धि भने राष्ट्रिय औसत भन्दा बढी अर्थात् ३.७ प्रतिशत हुने अनुमान रहेको छ। आर्थिक वर्ष २०७९/८० को गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २६.६ प्रतिशत, १७.४ प्रतिशत र ५६ प्रतिशत हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान रहेको छ।

## कृषि क्षेत्र

२. आर्थिक वर्ष २०७९/८० को प्रथम अर्धवार्षिक अवधिमा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिव २.८ प्रतिशतले वृद्धि भएको छ। धान, कोदो, जौ, फापर, आलु, उखु र भटमासले ढाकेको क्षेत्रफलमा ह्रास आएको भएतापनि मकै, दलहन र तेलहनले ढाकेको क्षेत्रफलमा वृद्धि भएकाले समग्रतामा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ।

३. तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल १५.६ प्रतिशतले र फलफूल तथा मसलाबालीले ढाकेको क्षेत्रफल ६ प्रतिशतले ह्रास आएको छ। सुन्तला खेती गरिएको क्षेत्रफलमा भने ३.७ प्रतिशत प्रतिशतले वृद्धि भएको छ।

४. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ४.४ प्रतिशतले वृद्धि भएको छ। यसमध्ये फापर, भटमास र तेलहनको उत्पादन क्रमशः ६.९ प्रतिशत, ०.७ प्रतिशत र ०.७ प्रतिशतले वृद्धि भएको छ।

५. पशुजन्य उत्पादनतर्फ दुध, मासु र अण्डाको उत्पादन क्रमशः ०.९ प्रतिशत, २.९ प्रतिशत र १.६ प्रतिशतले वृद्धि भएको छ। वनजन्य उत्पादनतर्फ काठको उत्पादनमा ९.३ प्रतिशतको वृद्धि भएको छ।

६. २०७९ पुस मसान्तमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले कृषि क्षेत्रमा रु.३० अर्ब ६६ करोड कर्जा लगानी गरेका छन्। सो रकम यस प्रदेशमा प्रवाहित कुल कर्जाको ८.५ प्रतिशत रहेको छ।

## उद्योग क्षेत्र

७. समीक्षा अवधिमा अध्ययनमा समेटिएका उद्योगहरुको औसत उत्पादन क्षमता उपयोग ४० प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा ती उद्योगहरुको क्षमता उपयोग ४२.७ प्रतिशत रहेको थियो।

८. समीक्षा अवधिमा प्रशोधित दुध, चुरोट, सिमेण्ट लगायतका वस्तुहरुको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको देखिएको छ भने औषधी जन्य उत्पादन (ट्याबलेट, क्याप्सुल, ओइन्टमेण्ट), वियर, लिक्विड र इटाको उत्पादन घटेको छ।

९. २०७९ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जाको ११.१ प्रतिशत अर्थात् रु.३९ अर्ब ९४ करोड कर्जा रकम औद्योगिक क्षेत्रतर्फ प्रवाह गरेका छन्।

## सेवा क्षेत्र

१०. समीक्षा अवधिमा पर्यटक आगमनमा १५.६ प्रतिशतले कमी आएको छ भने पर्यटन क्षेत्रको रोजगारीमा ५.५ प्रतिशतले वृद्धि भएको छ । वित्तीय क्षेत्र तर्फ, २०७९ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन २०७८ असार मसान्तको तुलनामा ७.३ प्रतिशतले वृद्धि भई रु.४ खर्ब २ अर्ब ३० करोड पुगेको छ । सोही अवधिमा कुल कर्जा प्रवाह भने १३.९ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५९ अर्ब ४१ करोड पुगेको छ ।

## पूर्वाधार र रोजगारी

११. पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न भई २०७९ माघ ९ देखि आन्तरिक तर्फका उडान संचालनमा आएको छ । त्यसैगरी, कालीगण्डकी करिडोर अन्तर्गतको मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड निर्माण कार्य करिब ३२ प्रतिशत र बेनी-जोमसोम खण्डको निर्माण कार्य करिब १६ प्रतिशत सम्पन्न भएको छ ।

# परिच्छेद १ : अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत आर्थिक, वित्तीय र बाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । मुलुकको शासकीय स्वरुपमा आएको परिवर्तनसँगै केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी बनाई तथ्यमा आधारित नीति निर्माण गर्ने उद्देश्यका साथ नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय तथा सबै प्रादेशिक कार्यालयहरुबाट आ-आफ्नो प्रदेशको आर्थिक गतिविधिहरु समेटी प्रतिवेदन प्रकाशन हुने गरेको छ ।

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट प्रकाशन हुने गण्डकी प्रदेशको प्रस्तुत आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रदेशका कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (पूर्व)) गरी ११ जिल्लाहरुबाट स्थलगत एवम् विद्युतीय माध्यमबाट संकलित तथ्याङ्कमा आधारित रहेको छ । प्रतिवेदन आर्थिक वर्ष २०७९/८० को अर्ध-वार्षिक (२०७९ साउनदेखि २०७९ पुससम्मको) विवरणमा आधारित रहेको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

समीक्षा अवधिमा गण्डकी प्रदेशको समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगतिका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा गण्डकी प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना, समस्या एवम् चुनौतीहरु समेत समावेश गरिएको छ । यसका अतिरिक्त समीक्षा अवधिको आर्थिक स्थिति तथा चालु आर्थिक वर्षको बाँकी अवधिमा प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको सम्भावित परिदृश्य समेत समावेश गरिएको छ ।

नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) अनुसार यस प्रदेशका सबै जिल्लाहरुका तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरुमा गरिएको स्थलगत सर्वेक्षण एवम् विद्युतीय माध्यमबाट प्राप्त तथ्याङ्क र सूचनाका आधारमा प्रतिवेदन तयार गरिएको छ ।

यस प्रतिवेदनमा उल्लेख गरिएका अधिकांश तथ्याङ्क तथा सूचनाहरु प्रदेशमा रहेका खासगरी कृषि सम्बन्धी तथ्याङ्क कृषि तथा भूमि सुधार मन्त्रालय एवम् सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयबाट संकलन गरिएको छ । यी निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिंचाई, पशुपंछी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका १४ उद्योगहरुको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकको Supervisory Information System (SIS) मा पठाएको विवरणका आधारमा तयार गरिएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजश्व रकम भूमि व्यवस्थापन तथा तथा अभिलेख विभागमार्फत् प्राप्त गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका १० होटलहरुको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्शापास सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशका राष्ट्रिय गौरवका आयोजना तथा गण्डकी प्रदेशको आर्थिक सर्वेक्षणबाट लिइएको छ । यातायाततर्फ, सवारी संख्या सम्बन्धी विवरण यातायात व्यवस्था

कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका नमूना छनौटमा परेका १० वटा बचत तथा ऋण सहकारी संस्थाहरुबाट तथ्याङ्क संकलन गरिएको छ ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनका सीमाहरु देहाय वमोजिम रहेका छन् ।

- नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आए पश्चात् तथ्याङ्क प्रदायक निकायहरुको पुनरसंरचना भएकाले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरुप कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरुमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन ।
- सरकारी कार्यालयमा विवरण अद्यावधिक बनाई फाईलिङ हुन नसक्दा सरुवा भई नयाँ आउने कर्मचारीबाट गतवर्षको तथ्याङ्क यकीन हुन नसक्नु तथा कतिपय उद्योगहरुले तथ्याङ्क उपलब्ध गराउने कार्यलाई अनावश्यक बोझका रुपमा लिने गरेको सन्दर्भमा तोकिएको समयभित्र शुद्ध तथ्याङ्क प्राप्त गर्न केही कठिनाई देखिएको छ ।
- भौतिक निर्माणतर्फ, गाउँपालिकाहरुले निर्माण गरेका सडक, सिंचाई र खानेपानी आयोजनाहरुका जिल्लागत विवरणहरु पर्याप्त मात्रामा उपलब्ध हुन सकेका छैनन् । सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने निकाय एकभन्दा बढी भएको र प्रत्येक निकायहरुले उपलब्ध गराउने विवरणमा भिन्नता देखिने कारण छनौटमा परेको निकायहरुबाट प्राप्त विवरणलाई आधिकारिक मानिएको छ ।
- उद्योग, होटल र सहकारीको हकमा नमूना छनौटमा परेका १४ उद्योग, १० होटल र १० सहकारीहरुको मात्र तथ्याङ्क संकलन गरिएको छ ।
- यस प्रदेशस्थित ५ वटा ठूला स्थानीय तहहरुको मात्र बजेट एवम् कार्यक्रम समावेश गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रतिवेदन नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागद्वारा प्रकाशित आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) बमोजिम तयार पारिएको छ । यस प्रतिवेदनमा ८ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययन परिचय प्रस्तुत गर्दै यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र तथा परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ । अन्त्यमा, परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको आर्थिक वृद्धिको विश्लेषण सहित कुल गार्हस्थ उत्पादनमा प्रदेशगत विवरण समावेश गरिएको छ। त्यसैगरी, यो परिच्छेदमा कुल गार्हस्थ उत्पादनको क्षेत्रगत स्थिति, जनसंख्या विवरण र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती पनि विश्लेषण गरिएको छ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

आर्थिक वर्ष २०७९/८० मा नेपालको आर्थिक वृद्धि आधारभूत मुल्यमा २.१६ प्रतिशत रहने राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक अनुमान रहेको छ। गत आर्थिक वर्ष यस्तो वृद्धि ५.२६ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशको आर्थिक वृद्धि ३.७४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर ६.१० प्रतिशत रहेको थियो। सो विवरण अनुसार आर्थिक वर्ष २०७८/७९ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) रु.४ खर्ब ३७ अर्ब रहेकोमा आर्थिक वर्ष २०७९/८० मा रु.४ खर्ब ८२ अर्ब रहने अनुमान छ।

## २.२ अन्तर प्रदेश तुलना


आर्थिक वर्ष २०७९/८० मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा योगदान सबैभन्दा धेरै (३६.८ प्रतिशत) बागमती प्रदेश र सबैभन्दा कम कर्णाली प्रदेशको (४.१ प्रतिशत) रहने अनुमान छ। चालु आर्थिक वर्षमा नेपालको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान ९.० प्रतिशत रहने अनुमान छ।

**तालिका २.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) (आ.व २०७९/८०)**

| प्रदेश | कुल गार्हस्थ्य उत्पादन (रु. अर्बमा) | राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको अंश | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) |
|---|---|---|---|
| कोशी प्रदेश | ८४९.६५ | १५.७९ | २.३८ |
| मधेश प्रदेश | ७०७.५१ | १३.१५ | १.९० |
| बागमती प्रदेश | १९८१.३३ | ३६.८२ | १.७७ |
| गण्डकी | ४८२.०६ | ९.० | ३.७४ |
| लुम्बिनी प्रदेश | ७६२.९७ | १४.१८ | २.२३ |
| कर्णाली प्रदेश | २२१.५३ | ४.१२ | २.१८ |
| सुदूरपश्चिम | ३७६.३३ | ६.९९ | १.९४ |
| राष्ट्रिय | ५३८१.३४ | १००.०० | २.१६ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय।*

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) सबैभन्दा बढी (३.७ प्रतिशत) र बागमती प्रदेशमा सबैभन्दा कम (१.८ प्रतिशत) हुने अनुमान रहेको छ। आर्थिक वृद्धिदरको आधारमा यस प्रदेश प्रथम स्थानमा रहने देखिएतापनि देशको कुल गार्हस्थ्य उत्पादनमा योगदानको आधारमा पाँचौं स्थानमा रहेको छ।




*स्रोत : राष्ट्रिय तथ्यांक कार्यालय ।*

**कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान :** आर्थिक वर्ष २०७९/८० मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २४.६ प्रतिशत, १२.९ प्रतिशत र ६२.४ प्रतिशत रहने अनुमान रहेको छ । गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २६.६ प्रतिशत, १७.४ प्रतिशत र ५६.० प्रतिशत रहने अनुमान रहेको छ। यस प्रदेशमा कृषि र उद्योग क्षेत्रको योगदान राष्ट्रिय औसतभन्दा केही बढी र सेवा क्षेत्रको योगदान केही कम हुने देखिएतापनि राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन र यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको संरचना भने उस्तै रहेको छ ।

**तालिका २.२ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत स्थिति (प्रतिशतमा)**

| विवरण | आ.व. २०७८/७९ को संशोधित मान | | | आ.व. २०७९/८० को प्रारम्भिक अनुमान | | |
|---|---|---|---|---|---|---|
| | प्राथमिक | द्वितीय | तृतीय | प्राथमिक | द्वितीय | तृतीय |
| कोशी प्रदेश | ३४.३ | १७.० | ४८.६ | ३३.६ | १६.५ | ५०.० |
| मधेश प्रदेश | ३५.९ | १२.० | ५२.२ | ३५.४ | ११.३ | ५३.४ |
| बागमती प्रदेश | १२.२ | ११.३ | ७६.५ | ११.९ | १०.७ | ७७.४ |
| गण्डकी प्रदेश | २७.६ | १७.७ | ५४.७ | २६.६ | १७.४ | ५६.० |
| लुम्बिनी प्रदेश | ३०.९ | १५.० | ५४.१ | ३०.३ | १४.१ | ५५.५ |
| कर्णाली प्रदेश | ३२.६ | १०.६ | ५६.८ | ३१.० | १०.१ | ५८.९ |
| सुदुरपश्चिम प्रदेश | ३४.८ | १३.९ | ५१.३ | ३३.७ | १३.२ | ५३.१ |
| राष्ट्रिय | २५.२ | १३.५ | ६१.२ | २४.६ | १२.९ | ६२.४ |

*स्रोत : राष्ट्रिय तथ्यांक कार्यालय ।*

## २.३ गण्डकी प्रदेशको भूभाग र जनसंख्या

नेपालको मध्य भागमा अवस्थित यस प्रदेशले नेपालको कुल भू-भागको १४.७ प्रतिशत क्षेत्रफल (२१,९७४ वर्ग कि.मि.) ओगटेको छ । प्रदेशका ११ जिल्लाहरुमा १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाँउपालिका गरी ८५ स्थानीय तहमा ७५९ वडा रहेका छन् । तराइको समथर भु-भाग देखि माछापुच्छ्रे र धवलागिरी हिमाल लगायतका उच्च हिमश्रृङ्खलाहरु समेत यस प्रदेशमा रहेकाले यहाँको हावापानीमा विविधता रहेको पाइन्छ ।

वि.सं. २०७८ मा भएको जनगणना अनुसार गण्डकी प्रदेशको कुल जनसंख्या २४,६६,४२७ रहेको छ। विगत दश वर्षमा गण्डकी प्रदेशको जनसंख्या २.६ प्रतिशत र वार्षिक ०.२५ प्रतिशतले वृद्धि भएको छ। मुलुकभरका ७७ जिल्लाहरुमध्ये यस प्रदेशको मनाङ जिल्लामा सबैभन्दा कम जनसंख्या (५,६५८) रहेको छ भने दोस्रो कम जनसंख्या भएको जिल्लाको रुपमा पनि यसै प्रदेशको मुस्ताङ (१४४५२) रहेको छ । नेपालको कुल जनसंख्यामा यस प्रदेशको हिस्सा ८.५ प्रतिशत रहेको छ।

गण्डकी प्रदेशमा मनाङ, स्याङ्जा, पर्वत, लमजुङ, गोरखा, बाग्लुङ, तनहुँ र म्याग्दी गरी ८ जिल्लाको वार्षिक जनसंख्या वृद्धिदर ऋणात्मक रहेको छ भने नवलपरासी पूर्व, कास्की र मुस्ताङ गरी ३ जिल्लाको वार्षिक जनसंख्या वृद्धि धनात्मक रहेको छ। खासगरी, दुर्गमबाट सुगमतर्फ बसाइ-सराई हुने प्रवृत्ति बढेकाले केही पहाडी र हिमाली जिल्लाको जनसंख्या कम हुँदै गएको हो । प्रदेशगत रुपमा वि.सं. २०६८ देखि वि.सं. २०७८ सम्मको एक दशकको गण्डकी प्रदेशको वार्षिक जनसंख्या बृद्धि दर सवैभन्दा कम ०.२५ प्रतिशत रहेको छ।

यस प्रदेशमा कुल घर परिवार संख्या ६ लाख ६२ हजार ४८० रहेको छ। गण्डकी प्रदेशमा २०६८ सालमा परिवार संख्या औसत ४.२ व्यक्ति रहेकोमा २०७८ को जनगणना अनुसार यो अनुपात घटी औसत ३.७ व्यक्तिमा झरेको छ। राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार प्रदेशमा आर्थिक रुपले सक्रिय जनसंख्या झण्डै ६३ प्रतिशत रहेको छ।

## २.४ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

आर्थिक वर्ष २०७८/७९ को वार्षिक आर्थिक गतिविधी अध्ययन प्रतिवेदनमा औंल्याइएका अधिकांश सम्भावना र चुनौतीहरुमा कुनै उल्लेख्य परिवर्तन भएको देखिंदैन । ती सम्भावना र चुनौतीहरुका साथै आर्थिक वर्ष २०७९/८० को पुस मसान्तसम्म थप भएका महत्वपूर्ण सम्भावना र चुनौतीहरु यस खण्डमा उल्लेख गरिएको छ।

### प्रादेशिक क्षमता र सम्भावना

- यस प्रदेशको मुख्य सम्भावना रहेको क्षेत्र पर्यटन हो । पोखरा, धवलागिरी र अन्नपूर्ण क्षेत्रमा आवश्यक पर्यटकीय पूर्वाधारको विकास, प्रचार प्रसारमा अग्रसरता र सेवा गुणस्तरमा सुधार गर्न सकिएमा पर्यटन क्षेत्रवाट प्रदेशको समृद्धिमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ। मुक्तिनाथ, मौलाकालिका, गलेश्वरधाम, ताल बाराही, गोरखा मनकामना, बाग्लुङ कालिका लगायतको धार्मिक पर्यटकीय स्थलहरुको थप प्रचार प्रसारले पर्यटन विकासमा थप टेवा पुग्ने देखिन्छ । साथै, यस प्रदेशमा विकास हुँदै गएको साहसिक पर्यटन तथा प्याराग्लाइडिङ, बन्जि जम्प, क्यानोयिङ, जिपलाइन र स्वीङको विकासले यस प्रदेशको आर्थिक विकासमा पर्यटन क्षेत्रको योगदान थप प्रवल हुने सम्भावना रहेको छ।
- कृषि क्षेत्र यस प्रदेशको अर्को सम्भावना बोकेको क्षेत्र हो । कृषि क्षेत्र अन्तर्गतका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमहरुको प्रभावकारीरुपमा कार्यान्वयन हुन सकेमा मासु तथा दुग्धजन्य पदार्थ, सुन्तला, तरकारी, स्याउ, कफी जस्ता उच्च मूल्य पर्ने कृषि उत्पादनमा आत्मनिर्भर भई निकासी गर्न सक्ने सम्भावना देखिन्छ। साथै, कृषि क्षेत्रलाई सेवासंग आबद्ध गराई (Agro-Service Linkage) पर्यटन क्षेत्रलाई आवश्यक पर्ने कृषि उत्पादनको सहज आपूर्ति गर्न सकिएमा कृषि क्षेत्रका साथै पर्यटनको विकास मार्फत् आय आर्जन र रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान पुग्ने सम्भावना देखिन्छ।
- यस प्रदेशमा खाद्यान्न, तरकारी तथा फलफूल, पशुपंछी, माछापालन लगायतको कृषि व्यवसायको प्रचुर सम्भावना छ। पछिल्लो समयमा व्यवसायिक रुपमा सुन्तला, कफी, स्याउ तथा मौरीपालनमा कृषकहरुको आकर्षण बढ्दै गइरहेको छ । उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपरासी (पूर्व) को तराई र मध्यभागका टारहरुमा तरकारी तथा अन्नबाली र औद्योगिक गतिविधि विस्तार

हुँदै गएको छ। यसको विस्तारमा थप विकास गर्न सकिएमा यस प्रदेशको आर्थिक विकासमा थप योगदान पुग्ने सम्भावना रहेको छ

- यस प्रदेशमा निर्माणाधिन कालीगण्डकी कोरिडोर तथा मध्य-पहाडी लोकमार्ग लगायतका परियोजनाहरुको निर्माण कार्य सम्पन्न भएपश्चात् पर्यटन, यातायात र कृषि क्षेत्रको थप विकास भई आर्थिक गतिविधि विस्तारमा उल्लेख्य प्रगति हासिल हुने सम्भावना रहेको छ।
- यस प्रदेशमा १२,९३० मेगावाट जलविद्युत उत्पादन गर्न सक्ने सम्भावना रहेको विभिन्न अध्ययनहरुले देखिएकोमा हाल ६०१ मेगावाट मात्र जलविद्युत उत्पादन भएको सन्दर्भमा थप जलविद्युत उत्पादन गर्न सक्ने प्रचुर सम्भावना रहेको छ। साथै, उच्च हिमाली तथा पहाडी जिल्लाहरुमा सौर्य र वायु उर्जा उत्पादनको पनि उत्तिकै सम्भावना रहेको छ। उर्जालाई प्रदेश समृद्धिको संवाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत, सौर्य र वायु उर्जा आयोजना विकास गरी विद्युत उत्पादन उल्लेख्य मात्रामा बढाउन सकिने सम्भावना रहेको छ।

### प्रादेशिक चुनौती

- गण्डकी प्रदेशका केही उच्च हिमाली जिल्ला तथा मध्य पहाडी जिल्लाहरुबाट बसाइ/सराई हुने क्रममा तिव्रता आएकाले ती क्षेत्रहरुमा जनसंख्या संकुचन हुँदै गएको छ। यसरी जनसंख्या कम हुदै गएको सन्दर्भमा उर्वरभूमी बाँझो रहने समस्या समाधान गर्दै कृषि, औषधी, पशु र वनजन्य उत्पादनमा अग्र-पृष्ठ (Backward-Forward Linkage) सम्बन्ध स्थापित गरी आय आर्जन र रोजगारीको अवसर सिर्जना गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।
- कृषि क्षेत्रमा थप लगानी बढाई कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरण मार्फत आन्तरिक उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन गर्ने तथा कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतीपूर्ण रहेको छ। लामो समयदेखि चर्चामा रहेको भूमी बैंक र जग्गा भाडामा लिने/दिने आवधारणा कार्यान्वयनमा ल्याउन चुनौती रहेको छ। साथै, कृषि अनुदानलाई प्रभावकारी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ।
- पर्यटन पूर्वाधार र जलविद्युत लगायतका आयोजनाहरु समयमै सम्पन्न गर्न पर्याप्त स्रोत/साधन एवम् जनशक्तिको अभाव मुख्य चुनौतीका रुपमा रहेका छन्। यसका अतिरिक्त जलविद्युत आयोजनाहरुमा जग्गा अधिग्रहण तथा मुआब्जा वितरण, परियोजना निर्माणका लागि वनका रुख कटान लगायतका पुराना समस्या अझै विद्यमान रहेकाले निर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ।

# परिच्छेद ३ : कृषि क्षेत्र

गण्डकी प्रदेशमा आर्थिक रुपले सक्रिय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेको छ भने कुल घरपरिवारमध्ये ८६ प्रतिशतको[1] आम्दानीको मुख्य स्रोत कृषि रहेको छ। आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २६ प्रतिशत रहने अनुमान छ । यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि उपजले ढाकेको जिल्लागत र कृषि उपजगत भू-क्षेत्रको विवरण उल्लेख गर्दै जिल्लागत कृषि उत्पादनको स्थिति, सिंचाई अवस्था, कृषि कर्जा एवम् कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरुको संक्षिप्त विश्लेषण गरिएको छ ।

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७९/८० को प्रथम अर्धवार्षिक अवधि सम्ममा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिव २.८ प्रतिशतले वृद्धि भई ४ लाख ६७ हजार हेक्टर भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफलमा ४.२ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ९०.९ प्रतिशत प्रमुख खाद्य तथा अन्न बाली, ४.१ प्रतिशत तरकारी तथा बागवानी र ५.० प्रतिशत फलफूल तथा मसला लगाइएको क्षेत्रफल रहेको छ ।

### (क) खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ४.४ प्रतिशतले वृद्धि भई ४ लाख २३ हजार ६९३.४ हेक्टर पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ४.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा मकै, दलहन र तेलहनले ढाकेको क्षेत्रफलमा क्रमशः ४.४ प्रतिशत, १.१ प्रतिशत र १.२ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी धान, कोदो, जौं, फापर, आलु, उखु र भटमासले ढाकेको क्षेत्रफलमा क्रमशः ५.२ प्रतिशत, ७ प्रतिशत, ८५.७ प्रतिशत, ५.८ प्रतिशत, ९.२ प्रतिशत, ८.९ प्रतिशत र १५.७ प्रतिशतले ह्रास आएको छ। खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलको ३५.५ प्रतिशत भु भागमा मकै र २५.१ प्रतिशतमा धान खेती रहेको छ ।

### (ख) तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा १५.६ प्रतिशतले ह्रास आई १८ हजार ९८० हेक्टर पुगेको छ। अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा ४.६ प्रतिशतले ह्रास आएको थियो । अघिल्ला बर्षहरुमा नवलपुर, कास्की तथा अन्य जिल्लाको तरकारीले ढाकेको क्षेत्रफलको तथ्याङ्क अर्धवार्षिक नभई वार्षिक राख्ने गरेको र चालु आ.व.मा अर्धवार्षिक तथ्यांक मात्र राखेकाले तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा सो ह्रास आएको छ।

### (ग) फलफूल तथा मसलाजन्य बाली

समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ६ प्रतिशतले ह्रास आई २३ हजार ३५०.६ हेक्टर कायम भएको छ। फलफूल मध्ये स्याउ खेती गरिएको क्षेत्रफल ०.६ प्रतिशत, केरा खेती गरिएको क्षेत्रफल १.६ प्रतिशत, आँप खेती गरिएको क्षेत्रफल ०.६ प्रतिशत र अन्य फलफूल १७.४ प्रतिशतले ह्रास आएको छ भने सुन्तला खेती गरिएको क्षेत्रफल ३.७ प्रतिशतले वृद्धि भएको छ। अन्य फलफूल अर्न्तगत एभोकाडो, किवी, ड्रागन फ्रुट जस्ता फलफूल खेती गरिने क्षेत्रफलमा ह्रास आएको छ।

---

[1] प्रथम पञ्चवर्षिय योजना, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, २०७७ बैशाख


## तालिका ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य | तरकारी | फलफूल | खाद्य | तरकारी | फलफूल |
| गोर्खा | ५१,९८०.६ | १,७८०.० | २,३५०.० | १२.३ | ९.४ | १०.१ |
| मनाङ | १,४१९.० | १४६.० | ४१२.० | ०.३ | ०.८ | १.८ |
| मुस्ताङ | १,४३३.० | ११०.० | १,५३२.१ | ०.३ | ०.६ | ६.६ |
| म्याग्दी | २२,३८५.० | १,१५०.० | १,३४५.० | ५.३ | ६.१ | ५.८ |
| कास्की | ५२,३१२.० | २,८८५.० | ३,००१.५ | १२.३ | १५.२ | १२.९ |
| लमजुङ | ४७,३९६.० | ३,१४८.० | २,९९४.० | ११.२ | १६.६ | १२.८ |
| तनहुँ | ४६,३१८.० | ४,३३७.० | ३,००८.० | १०.९ | २२.९ | १२.९ |
| नवलपरासी (पूर्व) | ४४,४७२.५ | ६९२.८ | २,१०३.० | १०.५ | ३.७ | ९.० |
| स्याङ्जा | ६५,४५४.३ | २,६९१.० | ३,७१६.० | १५.४ | १४.२ | १५.९ |
| पर्वत | ३५,५४२.० | ८७०.० | १,४४५.० | ८.४ | ४.६ | ६.२ |
| बाग्लुङ | ५४,९८१.० | १,१७०.० | १,४४४.० | १३.० | ६.२ | ६.२ |
| **जम्मा** | ४२३,६९३.४ | १८,९७९.८ | २३,३५०.६ | १००.० | १००.० | १००.० |

*स्रोत: कृषि विकास निर्देशनालय, अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु र कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।*

**जिल्लागत विवरण**: कृषि कार्यमा उपयोग भएको भूभागको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको ११ जिल्लाहरुमध्ये ७ जिल्लाहरुको प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ८५.६ प्रतिशत रहेको छ । हिमाली जिल्ला मनाङ र मुस्ताङमा यस्तो भूभाग अन्य जिल्लाहरुको तुलनामा नगन्य रहेको छ ।

तरकारी तथा बागवानी खेती भएको कुल क्षेत्रफल मध्ये करिव ६९ प्रतिशत कास्की, लमजुङ, तनहुँ र स्याङजा जिल्लामा मात्रै रहेको छ भने फलफुल तथा मसला खेतीमा पनि सोही जिल्लाहरुको बाहुल्यता रहेको देखिन्छ । (तालिका ३.१)




*स्रोत: कृषि विकास निर्देशनालय, अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु र कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।*

## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७९/८० को प्रथम अर्धवार्षिक अवधिमा प्रमुख कृषि बालीहरुको उत्पादनमा ०.९ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो उत्पादन ३.० प्रतिशतले वृद्धि भएको थियो ।

### (क) खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा ४.४ प्रतिशतले वृद्धि भएको छ । यस अवधिमा प्रमुख बालीहरु धान, मकै, कोदो, आलु, उखु र दलहनको उत्पादनमा क्रमशः ३.७ प्रतिशत, २.१ प्रतिशत, ३.४ प्रतिशत, ६.६ प्रतिशत, २.७ प्रतिशत, र १५ प्रतिशतले ह्रास आएका छ । अर्कोतर्फ, फापर, भटमास र तेलहनको उत्पादन भने ६.९ प्रतिशत, ०.७ प्रतिशत र ०.७ प्रतिशतले बढेको छ ।

गण्डकी प्रदेशमा खाद्य तथा अन्य बालीको कुल उत्पादन मध्ये मकैको अंश ३३.९ प्रतिशत, धानको अंश २९.२ प्रतिशत र आलु उत्पादनको अंश १७.८ प्रतिशत रहेको छ ।

### (ख) तरकारी तथा बागवानी

गत वर्षको पहिलो छ महिनामा तरकारी तथा वागवानीको उत्पादन १.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा यस्तो उत्पादन १८.५ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा तरकारी खेती गरिएको क्षेत्रफलमा १५.६ प्रतिशतले ह्रास आएका कारण यसको उत्पादनमा समेत कमी आएको हो ।

### (ग) फलफूल तथा मसलाजन्य बाली

आर्थिक वर्ष २०७९/८० को पहिलो अर्धवार्षिक अवधिमा फलफूल तथा मसलाजन्य बालीको उत्पादनमा १०.८ प्रतिशतले ह्रास आएको छ । यसमध्ये सुन्तला र स्याउको उत्पादन क्रमशः ८.१ प्रतिशत र ६.९ प्रतिशतले वृद्धि भएको छ । यस वर्ष असिना नपरेको र मौसम अनुकूल रहेकाले सुन्तला र स्याउको उत्पादनमा वृद्धि भएको देखिन्छ । मुस्ताङमा यातायात सुविधा सहज हुँदै गएको र उक्त क्षेत्रको स्याउको माग समेत बढेका कारण व्यवसायिक स्याउ खेतीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएको छ ।

समीक्षा अवधिमा आँप, केरा र अन्य फलफूलको उत्पादनमा क्रमशः ३.८ प्रतिशत, २७.२ प्रतिशत र १७.६ प्रतिशतले ह्रास आएको छ । नवलपुरमा केराको उत्पादनको क्रम जारी रहेकाले सोको यथार्थ तथ्याङ्क प्राप्त भई नसकेको हुँदा उत्पादनमा कमी भएको देखिएको छ । अन्य फलफूल अर्न्तगत एभोकाडो, किवी, ड्रागन फ्रुट जस्ता फलफूल खेती गरिने क्षेत्रफलमा नै ह्रास आएकोले सोको उत्पादनमा पनि ह्रास आएको छ ।


## तालिका ३.२ : कृषि बालीको उत्पादन (जिल्लागत)

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| गोर्खा | १४९,३४१.९ | २२,३२५.० | २१,४०७.० | ११.१ | ९.७ | १३.३ |
| मनाङ | ९,१०८.० | १,८१२.० | ३,८८२.० | ०.७ | ०.८ | २.४ |
| मुस्ताङ | ११,४७०.० | १,३७१.५ | ६,८७४.० | ०.९ | ०.६ | ४.३ |
| म्याग्दी | ९०,८७४.५ | १३,५००.० | ४,३००.० | ६.८ | ५.९ | २.७ |
| कास्की | १६१,७९२.३ | ३८,७५०.० | १९,९०९.० | १२.१ | १६.८ | १२.४ |
| लमजुङ | १४३,९७२.७ | ३२,३२९.० | १२,८३८.० | १०.७ | १४.१ | ८.० |
| तनहुँ | १३१,७८८.१ | ४७,७०७.० | २७,१३६.० | ९.८ | २०.७ | १६.८ |
| नवलपरासी (पूर्व) | १९५,१०४.९ | ८,३१३.६ | ८,१०३.५ | १४.६ | ३.६ | ५.० |
| स्याङ्जा | १९५,३२४.२ | ३५,४००.० | ३७,८६३.० | १४.६ | १५.४ | २३.५ |
| पर्वत | ९०,८७८.५ | ११,२९३.० | ५,३९८.० | ६.८ | ४.९ | ३.४ |
| बाग्लुङ | १६१,०२०.८ | १७,२२२.४ | १३,३६४.८ | १२.० | ७.५ | ८.३ |
| **जम्मा** | १,३४०,६७५.८ | २३०,०२३.५ | १६१,०७५.३ | १००.० | १००.० | १००.० |

*स्रोत: कृषि विकास निर्देशनालय, अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु र कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।*

**जिल्लागत स्थिति** : गण्डकी प्रदेशमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमध्ये गोरखा, कास्की, लमजुङ, नवलपरासी पूर्व, बागलुङ र स्याङ्जा गरी ६ जिल्लाको हिस्सा ७५ प्रतिशतभन्दा बढी रहेको छ । त्यस्तै, तरकारी तथा बागवानी तर्फ कास्की, लमजुङ, तनहुँ र स्याङजा गरी चार जिल्लाको योगदान ६७ प्रतिशत रहेको छ ।

फलफूल तथा मसलाबाली तर्फ पनि बढी उत्पादन भएका जिल्लाहरुमा स्याङजा, तनहुँ ,गोर्खा र कास्की रहेका छन् । यस प्रदेशको फलफूल तथा मसलाबालीको कुल उत्पादनको ६६ प्रतिशत हिस्सा यी चार जिल्लाले ओगटेको छ (तालिका ३.२) ।




*स्रोत: कृषि विकास निर्देशनालय, अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरु र कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।*

## ३.३ पशुपन्छी तथा माछा

आर्थिक वर्ष २०७९/८० को प्रथम अर्धवार्षिक अवधिमा दुध, मासु र अण्डाको उत्पादन क्रमशः ०.९ प्रतिशत, २.९ प्रतिशत र १.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष सोही अवधिमा दुध, मासु र अण्डाको उत्पादन क्रमशः ०.३ प्रतिशत, ०.४ प्रतिशत र १५.२ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिमा माछाको उत्पादनमा १.५ प्रतिशतले वृद्धि भएको छ । पछिल्लो समय कास्कीमा माछाको मागमा उच्च वृद्धि भएका कारण यसतर्फ व्यवसायीहरु आकर्षित भएको देखिएको छ ।

**जिल्लागत स्थिति** : दुध उत्पादनमा गोरखा, कास्की, नवलपरासी (पूर्व) र तनहुँ जिल्लाको हिस्सा ७३ प्रतिशत रहेको छ भने मासु उत्पादनमा उक्त जिल्लाहरुको योगदान ८० प्रतिशत रहेको छ । त्यस्तै यस अवधिमा गण्डकी प्रदेशको कुल अण्डा उत्पादनको करिब ५८ प्रतिशत हिस्सा स्याङजा र कास्की जिल्लालको रहेको छ । स्याङ्जा जिल्लामा रहेको खिलुङ कालिका एग्रो प्रा.लि.मा बढी अण्डा उत्पादन हुने भएकाले उक्त जिल्लामा अण्डा उत्पादन तुलनात्मक रुपमा उच्च देखिएको हो । (तालिका ३.३)

भौगोलिक बिकटता र अवस्थितिका कारण मनाङ, मुस्ताङ र म्याग्दी जिल्लामा पशुपन्छीको उत्पादन नगन्य रहेको छ ।

**तालिका ३.३ : प्रमुख पशुपन्छीजन्य उत्पादन (जिल्लागत)**

| जिल्ला | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दुध हजार लिटर | मासु मेट्रिक टन | अण्डा हजार गोटा | माछापालन मेट्रिक टन | दुध | मासु | अण्डा | माछापालन |
| गोर्खा | ४१,५५२.० | ९,२४१.० | ८,८४२.० | ९६६.० | १९.१ | २३.६ | ८.९ | ७.७ |
| मनाङ | १२३.२ | २०.५ | १०.४ | - | ०.१ | ०.१ | ०.०१ | - |
| मुस्ताङ | १,४४९.० | ५६४.९ | १,१८७.० | १३.८ | ०.७ | १.५ | १.२ | ०.१ |
| म्याग्दी | १,७३१.५ | ६१३.९ | १,४४०.० | - | ०.८ | १.६ | १.५ | - |
| कास्की | ३४,३१२.० | ४,६९२.० | १६,३८३.५ | ९,६४८.० | १५.८ | १२.० | १६.६ | ७७.१ |
| लमजुङ | ८,७१४.० | १,८६७.५ | ४,०३२.० | २४.८ | ४.० | ४.८ | ४.१ | ०.२ |
| तनहुँ | ४२,१२७.९ | ८,५७४.४ | ८,५६०.१ | ८८३.८ | १९.४ | २१.९ | ८.७ | ७.१ |
| नवलपरासी (पूर्व) | ४०,१०८.३ | ८,५८४.९ | ८,३०९.८ | ९३४.० | १८.५ | २१.९ | ८.४ | ७.५ |
| स्याङ्जा | २६,६१३.० | २,५४२.० | ४०,७४६.० | ३२.० | १२.३ | ६.५ | ४१.२ | ०.३ |
| पर्वत | ६,५४०.३ | १,१३०.० | ३,८४३.४ | ६.५ | ३.० | २.९ | ३.९ | ०.१ |
| बाग्लुङ | १३,८३०.० | १,२५८.० | ५,६३०.० | ९.३ | ६.४ | ३.२ | ५.७ | ०.१ |
| **जम्मा** | २१७,१०१.२ | ३९,०८९.० | ९८,९८४.२ | १२,५१८.१ | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत : भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, गण्डकी प्रदेश ।*

## ३.४ वनजन्य उत्पादन


आर्थिक वर्ष २०७९/८० को प्रथम अर्धवार्षिक अवधिमा यस प्रदेशको वनजन्य उत्पादनमा उल्लेख्य वृद्धि भएको छैन । समीक्षा अवधिमा काठको उत्पादन ९.३ प्रतिशत र दाउराको उत्पादन ३.० प्रतिशतले बढेको छ भने औषधिजन्य बस्तुको उत्पादन १६.९ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा काठ तथा

दाउरा र औषधिजन्य वस्तुको उत्पादन क्रमशः ३८.६ प्रतिशत, १४९.५ प्रतिशत र ८७.३ प्रतिशतले बढेको थियो ।

वन नियमावली २०७९ लागु भए पश्चात Softwood कटानमा आएको कमी, कटान आदेशमा ढिलाई, काठका सामानहरु बजारमा पाईने अन्य सामानहरुको तुलनामा उच्च मूल्यका हुनाले त्यस्ता सामानको माग घट्न गई उत्पादनमा कमी आएको हो । त्यसैगरी वैकल्पिक ऊर्जाको प्रयोगले दाउराको माग घटेको छ । कोभिड १९ पछि Non-Timber Forest Products (NTFPS) को Market Rate मा आएको कमी र औषधीजन्य उत्पादनको बजार माग न्यून भएकाले संकलन कार्य समेत घटेको छ ।

## ३.५ सिंचाई तथा मौसम

आर्थिक वर्ष २०७९/८० को प्रथम अर्धवार्षिक अवधिमा गण्डकी प्रदेशको कुल सिञ्चित क्षेत्रफलमा २.५ प्रतिशतले वृद्धि भई १ लाख ४९ हजार २३८ हेक्टर पुगेको छ । जसमध्ये पोखरीबाट सिञ्चित क्षेत्रफलमा १४.५ प्रतिशत, कुलोबाट सिञ्चित क्षेत्रफलमा २.७ प्रतिशत  र नहरबाट सिञ्चित क्षेत्रफलमा २.२ प्रतिशतले वृद्धि भएको छ । उपरोक्त वृद्धिसँगै समीक्षा अवधिमा यस प्रदेशको कुल खेतीयोग्य जमिनको ३२.९ प्रतिशत र कुल खेती गरिएको जमिनको ४०.९ प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेको छ ।




*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गण्डकी प्रदेश ।*

## ३.६ क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कृषि कर्जा २०७८ पुस मसान्तको तुलनामा ३.८ प्रतिशतले वृद्धि भई रु.३० अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो कर्जा ३६.१ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जामा कृषि कर्जाको अंश ८.५ प्रतिशत रहेको छ । प्रदेशको कुल कृषि कर्जाको लगभग ६० प्रतिशत रकम कास्की र नवलपरासी (पूर्व) जिल्लामा मात्रै सिमित भएको देखिन्छ (तालिका ३.४) ।

**तालिका ३.४ : जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| कास्की | १२,६६२.५ | ४१.३ |
| स्याङ्जा | २,००९.० | ६.६ |
| तनहुँ | ३,६४४.९ | ११.९ |
| गोरखा | १,३९०.७ | ४.५ |
| लमजुङ | १,७७४.४ | ५.८ |
| मनाङ | ११५.९ | ०.४ |
| मुस्ताङ | ३७७.० | १.२ |
| पर्वत | १,०५४.६ | ३.४ |
| बाग्लुङ | १,२११.२ | ४.० |
| म्याग्दी | ८१३.३ | २.७ |
| नवलपरासी (पूर्व) | ५,६०८.१ | १८.३ |
| जम्मा | ३०,६६१.६ | १००.० |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)।*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

- गण्डकी प्रदेशका स्याङ्जा, पर्वत लगायत अधिकांश जिल्लामा युवा पुस्ताहरु विदेश तथा शहर पलायन भएका कारण खेतीयोग्य जमीन बाँझो राख्ने प्रवृत्ति बढेको हुँदा त्यस्ता जग्गा उपयोगमा ल्याई कृषि उत्पादन बढाउन चुनौती रहेको छ । साथै, कृषि तथा गैरकृषि जमीनलाई वर्गीकरण गर्ने अधिकार स्थानीय तहलाई दिंदा खेतीयोग्य, समथर र उर्वर भूमिलाई घडेरी तथा आवासीय प्रयोजनका लागि खण्डीकृत गर्ने प्रवृत्ति बढ्दै गएकाले खेतीयोग्य उर्वर जमीन जोगाउन चुनौती रहेको छ ।
- स्याङ्जा, बाग्लुङ, पर्वत, गोरखा आदि जिल्लाहरुमा बाँदरले बाली नष्ट गर्ने तथा क्षति पुऱ्याउने गरेकाले समेत जग्गा जमीन बाँझो राख्ने प्रवृत्ति बढेको हुँदा त्यस्ता जग्गा उपयोगमा ल्याई कृषि उत्पादन बढाउन चुनौती रहेको छ ।
- गण्डकी प्रदेशको कूल खेतीयोग्य जमीनको ३२.९१ प्रतिशत भू-भागमा मात्र सिँचाई सुविधा पुगेकाले पर्याप्त सिँचाई सुविधाको सुनिश्चितता गर्दै कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्न चुनौतीपूर्ण रहेको छ ।

- गण्डकी प्रदेशमा उत्पादनको सम्भावना राम्रो भएका स्याउ, सुन्तला, तरकारी, आलु कफी, अलैंची लगायतका कृषि उत्पादनमा न्यूनतम आधार मूल्य तोकी विचौलियाको उपस्थिति कम गर्नु र कृषकलाई उचित प्रतिफल पाउने व्यवस्था सुनिश्चित गर्न चुनौती रहेको छ ।

- संघीय, प्रादेशिक तथा स्थानीय तहका कार्यालयहरुबीच समन्वयको कमी भएको हुँदा कृषि अनुदान, सहुलियत र तालिम जस्ता कार्यक्रमहरु दोहोरिने, अनुगमन मूल्याङ्कनमा सहजता नहुने, एउटै उद्यमी कृषक, एकै वर्ग/समुदायले सम्पूर्ण सुविधा उपभोग गर्ने, पाएको सुविधा दुरुपयोग गर्ने जस्ता अवस्थाको निराकरण गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ ।

- कृषकलाई बीमा साक्षरताको अभाव हुनाका साथै कृषि-बीमा कार्यमा मूल्याङ्कन तथा क्षतिपूर्ति यकीन गर्ने प्रक्रिया लामो तथा झन्झटिलो हुने गरेकाले कृषि जोखिम न्यूनीकरण गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।

- गण्डकी प्रदेशको मुख्य कृषि उत्पादनका रपमा रहेको सुन्तला खेतीमा Greening रोग लागेर बोट मर्ने समस्याले सुन्तला खेती गर्ने कृषकमा चुनौती थप गरेको छ । त्यस्तै, यस वर्ष घैया र कोदो बालीमा ब्यास्ट नामको रोग लागेकाले उक्त बालीको उत्पादन घटाएको छ । यस्ता रोगहरु समयमै पहिचान गरी उत्पादनमा कमी आउन नदिन चुनौती रहेको छ ।

- बालीनाली तथा पशुहरुमा देखिने खोरेत रोग, African Swine Flu, लम्पी स्किन डिजिज जस्ता महामारीजन्य नयाँ नयाँ रोग समयमै पहिचान गरी निर्मूल पार्न प्रयाप्त संख्यामा प्राविधिक जनशक्ति उपलब्ध गराई सम्भावित क्षति रोक्न समेत चुनौतिपूर्ण रहेको छ ।

**बक्स १: बाग्लुङ पशु स्रोत विकास फार्म तथा दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड**



बाग्लुङ जिल्लाको काठेखोला गाँउपालिका-०२ भीमपोखरीमा, करिव ४ करोडको लगानीमा बाग्लुङ पशु स्रोत विकास फार्म तथा दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड सञ्चालनमा रहेको छ । वि.सं. २०६८ सालमा स्थापित उक्त फार्म काठेखोला गाँउपालिका र ताराखोला गाँउपालिकामा गरी कुल ५०० रोपनी क्षेत्रफलमा फैलिएको छ । नौ सदस्यीय सञ्चालक समिति र ६९ साधारण सदस्य रहेको उक्त फार्मले कुनै पनि बैंक तथा वित्तीय संस्थाबाट कर्जा नलिई शेयर सदस्यबाट संकलित रु.३,५६,५०,०००।-बाट फार्म सञ्चालन गरेको छ। सो फार्ममा होलस्टेन र जर्सि गरी ६५ वटा गाईबाट दैनिक ३०० देखि ४०० लिटर दुध उत्पादन हुने गरेको छ भने उत्पादित सम्पूर्ण दुध बाग्लुङ जिल्लामा नै खपत हुने गरेको छ । उक्त फार्मले ६ जना स्थायी र ३ जना दैनिक ज्यालादारी गरी कुल ९ जना (प्राविधिक सहित) लाई प्रत्यक्ष रोजगारी प्रदान गर्दै आइरहेको छ । यस पशु फार्मले विभिन्न सहकारी संघसँग आबद्ध भई कार्य सञ्चालन गरिरहेको छ । घाँस पराल काट्न र दुध दुहुन आधुनिक मेसिनको प्रयोग गर्दै आइरहेको फार्मले सम्पूर्ण गाईहरुको बिमा समेत गरेको छ । यस फार्मका लागि दाना र परालको सहज आपूर्तिमा समस्या रहेको छ भने स्थायी रुपमा काम गर्ने कामदार र दक्ष प्राविधिक सुलभ रुपमा पाउन समेत चुनौती रहेको छ ।

- कृषि तथा पशुसंग सम्बन्धित तथ्याङ्क संकलन गर्ने निकायको रुपमा रहेका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतमा उपयुक्त Chain of Command बनाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी एकद्वार प्रणाली मार्फत तथ्याङ्क संकलन गर्न चुनौतीपूर्ण रहेको छ ।
- निजी आवादीमा रहेका ठुला रुखहरु (साल, साज) कटान र ओसारपसारमा स्पष्ट नीतिगत अभाव, स्थानीय तहमा काठ मापन गर्ने प्राविधिक कर्मचारीको अभाव र वन उपभोक्ता समुहको सुशासनमा रहेका कमजोरीका कारण वनक्षेत्रबाट हुने आयआर्जन वढाउन चुनौती रहेको छ ।

**सम्भावनाहरु**

- जग्गा/जमिन भाडामा लिई कृषि र उद्योग व्यवसायलाई प्रोत्साहन गर्न भूमी बैंकको अवधारणा शिघ्र कार्यान्वयन भएमा यस क्षेत्रको स्याङ्जा, गोरखा, पर्वत लगायतका जिल्लामा रहेका बाँझो जमीन उपयोगमा आई समग्र प्रदेशको कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ । त्यस्तै लीज सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन सके थप प्रभावकारी हुने सम्भावना रहेको छ ।
- गण्डकी प्रदेशमा राम्रो सम्भावना भएका स्याऊ, सुन्तला, तरकारी, आलु, कफि जस्ता कृषि उत्पादन र मासु, दूध, अण्डा जस्ता पशुजन्य उत्पादनमा न्यूनतम आधार मूल्य कायम गर्ने साथै आवश्यकता अनुसार कलेक्सन सेन्टर तथा कृषि बजार स्थापना भएमा उत्पादित बस्तुले उचित मूल्य पाउन सक्ने र उत्पादनमा थप प्रेरणा मिल्ने सम्भावना रहेको छ ।
- बाँदरको समस्या न्युनीकरण गर्न Fruits in Forest Program अभियानको रुपमा सञ्चालन गर्न सकेमा बाँदरबाट बालीनाली नष्ट हुने जोखिम न्यूनीकरण हुने सम्भावना रहेको छ ।
- कृषि तथा पशुसँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने निकायको रुपमा रहेका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी एकद्वार प्रणाली मार्फत् तथ्याङ्क संकलन गर्न सकिएमा र सरोकारवाला निकायहरुवीच समन्वय गराउन सकेमा वास्तविक तथ्याङ्क प्राप्त भई यस प्रदेशको कृषि क्षेत्रको नीति निर्माणमा थप टेवा पुग्ने सम्भावना रहेको छ ।
- गण्डकी प्रदेशमा विभिन्न कृषि उत्पादनको सम्भावना भएका चेपेटार, हाँडीटार, राइनसटार तथा अन्य टारहरुमा लिफ्ट सिंचाई मार्फत् सिंचाइको पहुँच पुऱ्याउन सकिएमा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।
- उच्च पहाडी क्षेत्रहरुमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दुध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लाहरुमा समेत व्यवसायिक बाख्रापालन, गाई/भैंसीपालनको सम्भावना रहेको छ ।
- गोरखाको उत्तरी भाग, मनाङ र मुस्ताङका हिमाली क्षेत्रहरुमा पाइने उच्च गुणस्तरको यार्सागुम्वालाई व्यवसायीकरण गर्न तथा बजार पहुँच सुनिश्चित गर्न समुदाय, सहकारी र स्थानीय तहको समन्वयमा कार्यक्रम ल्याउन सकिएमा यार्सागुम्बाको व्यवसायीकरण गर्न सकिने सम्भावना रहेको छ ।
- प्रदेशको पहाडी र उच्च हिमाली क्षेत्रमा जडिबुटीहरुको व्यवसायिक खेती गर्न सकिने सम्भावना रहेको छ ।
- होटल व्यवसायीहरुलाई स्थानीय कृषि उत्पादन खपत गर्न थप प्रोत्साहन गर्न सकिए कृषि र पर्यटन सेवाबीचको अन्तर आवद्धता विस्तार गरी दुवै क्षेत्रको विस्तारमा सकारात्मक प्रभाव पर्ने सम्भावना रहेको छ ।

# परिच्छेद ४ : उद्योग क्षेत्र


आर्थिक वर्ष २०७९/७८० मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १७.४ प्रतिशत रहने अनुमान छ । यस प्रदेशमा साना र मझौला उद्योगहरुको बाहुल्यता रहेको छ । यस प्रदेशमा सञ्चालित १ लाख ६ सय ८४ व्यवसायिक प्रतिष्ठानहरुमा ३ लाख ३२ हजार ४ सय ७२ व्यक्तिले रोजगारी पाएका छन्[३] ।

यस परिच्छेदमा गण्डकी प्रदेशका प्रमुख उद्योगहरुको क्षमता उपयोग, रोजगारी, औद्योगिक कर्जा स्थिति एवम् औद्योगिक क्षेत्रका प्रमुख समस्या, चुनौती तथा सम्भावनाहरुको बारेमा विश्लेषण गरिएको छ ।

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

(क) आर्थिक वर्ष २०७९/८० को प्रथम ६ महिनामा यस प्रदेश अन्तर्गतका नमूना छनोटमा समेटिएका १४ उद्योगहरुको औसत क्षमता उपयोग ४० प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा ती उद्योगहरुको क्षमता उपयोग ४२.७ प्रतिशत रहेको थियो ।

यस प्रदेशमा समीक्षा अवधिमा चकलेट उद्योगको क्षमता उपयोग ८५.६ प्रतिशत, बिस्कुटको ६३.१ प्रतिशत, चुरोटको ५३.१ प्रतिशत, लिक्विडको ५३.२ प्रतिशत, तोरीको तेलको ५१.७ प्रतिशत, क्याप्सुलको ३८.५ प्रतिशत, सिमेण्टको ३७.९ प्रतिशत, वियरको ३६.३ प्रतिशत, ईंटाको ३५ प्रतिशत, चाउचाउको ३१.१ प्रतिशत र ट्याबलेटको ३०.१ प्रतिशत रहेको छ भने प्रशोधित दुध, ओइन्टमेण्ट र ड्राई सिरपको क्षमता उपयोग २५ प्रतिशत भन्दा न्यून रहेको छ ।




*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु ।*

(ख) समीक्षा अवधिमा प्रशोधित दुध (२२.७ प्रतिशत), चुरोट (१८.१ प्रतिशत), सिमेण्ट (१७ प्रतिशत) को उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको देखिएको छ । बिस्कुट, चकलेट, ड्राइ सिरप र तोरीको तेलको उत्पादनमा भने सामान्य वृद्धि भएको छ ।

गत वर्षको तुलनामा यस वर्ष ट्याबलेट (२९.१ प्रतिशत), क्याप्सुल (२८.८ प्रतिशत), ओइन्टमेण्ट (२८.० प्रतिशत), इटा (१८.६ प्रतिशत), वियर (१८.१ प्रतिशत), चाउचाउ (१४.८ प्रतिशत) र

[३] आर्थिक सर्वेक्षण २०७८/७९, गण्डकी प्रदेश ।

लिक्विड (१३.० प्रतिशत) को उत्पादन घटेको छ । बजारमा उक्त वस्तुहरुको प्रतिस्पर्धा बढी भई माग घटेकाले उत्पादनमा कमी आएको हो ।

**तालिका ४.१: गण्डकी प्रदेशमा रहेका उद्योगहरुको औद्योगिक उत्पादन**

| उत्पादित वस्तुको नाम | एकाई | आ.व. ०७८/७९ | आ.व. २०७९/८० | प्रतिशत परिवर्तन | क्षमता उपयोग |
|---|---|---|---|---|---|
| तोरीको तेल | मे.टन | १४८०.० | १४९०.० | ०.७ | ५१.७ |
| प्रशोधित दूध | हजार लिटर | ३४४०.१ | ४२२१.४ | २२.७ | २३.४ |
| विस्कुट | मे.टन | ३७८३.३ | ३९००.० | ३.१ | ६३.१ |
| चकलेट | मे.टन | ३०४५.० | ३२००.० | ५.१ | ८५.६ |
| चाउचाउ | मे.टन | ३४४७.३ | २९३७.८ | -१४.८ | ३१.१ |
| वियर | हजार लिटर | १८५९०५.३ | १५२२६२.० | -१८.१ | ३६.३ |
| चुरोट | दस लाख खिल्ली | १६१९.६ | १९१२.३ | १८.१ | ५३.१ |
| ट्याव्लेट | हजार थान | १०७७८५.० | ७६४००.० | -२९.१ | ३०.१ |
| क्यापसुल | हजार थान | १५६१०.० | ११११५.० | -२८.८ | ३८.५ |
| ओइन्टमेन्ट | हजार ट्युब | ५८६.० | ४२२.० | -२८.० | १३.६ |
| ड्राइ सिरप | हजार बोतल | २०३.० | २०८.० | २.५ | ८.६ |
| लिक्विड | हजार बोतल | १३९५.५ | १२१४.३ | -१३.० | ५३.२ |
| ईंटा | दस लाख गोटा | ३.७ | ३.० | -१८.६ | ३५.० |
| सिमेण्ट | मे.टन | ३३४६५०.५ | ३९१५००.० | १७.० | ३७.९ |

*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु ।*

चालु आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा यस प्रदेशका नमुना छनोटमा समेटिएका १४ उद्योगमा २४१० जना पुरुष र ८१७ महिला गरी जम्मा ३२२७ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

औद्योगिक गतिविधीमा आएको सुस्तताका कारण २०७९ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट औद्योगिक क्षेत्रमा प्रवाहित कर्जा २०७८ पुस मसान्तको तुलनामा २१.६ प्रतिशतले घटेर रु.३९ अर्ब ९४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १३ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा निर्माण क्षेत्र तर्फ प्रवाहित कर्जामा ५५.६ प्रतिशत गिरावटका कारण समग्र औद्योगिक कर्जामा ह्रास आएको हो । यस प्रदेशमा प्रवाहित कुल कर्जामा औद्योगिक क्षेत्रतर्फ प्रवाहित कर्जाको हिस्सा ११.१ प्रतिशत रहेको छ । २०७९ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट औद्योगिक कर्जा शीर्षकमा प्रवाहित कर्जा मध्ये सवैभन्दा बढी निर्माण उपशीर्षकमा रु.१२ अर्ब ४४ करोड (३१.२ प्रतिशत), गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उप-शीर्षकमा रु.११ अर्ब ९० करोड (२९.८ प्रतिशत), कृषि वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उप-शीर्षकमा रु.११ अर्ब ९ करोड (२७.८ प्रतिशत), धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उत्पादन सम्बन्धी उप-शींषकमा रु.२ अर्ब ९४ करोड (७.४ प्रतिशत), विद्युत, ग्यास तथा पानी उत्पादन सम्बन्धी उप-शीर्षकमा रु. १ अर्ब २१ करोड (३ प्रतिशत) र खानी सम्बन्धी उत्पादन सम्बन्धी उप-शीर्षकमा रु.३५ करोड (०.९ प्रतिशत) कर्जा लगानी रहेको छ ।

### तालिका ४.२ : क्षेत्रगत औद्योगिक कर्जा

रकम रु दश लाखमा

| विवरण | क्षेत्रगत औद्योगिक कर्जा | क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशतमा) |
|---|---|---|
| खानी सम्बन्धी | ३४८.४ | ०.९ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ११,०९०.८ | २७.८ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ११,९०६.२ | २९.८ |
| निर्माण | १२,४४७.१ | ३१.२ |
| विद्युत, ग्यास तथा पानी | १,२०५.२ | ३.० |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | २,९३९.७ | ७.४ |
| कुल औद्योगिक कर्जा | ३९,९३७.३ | १००.० |

*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)।*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

- अधिकांश उद्योगहरुको उत्पादन क्षमता न्यून देखिएकोले त्यस्ता उद्योगहरुलाई पूर्ण क्षमतामा संचालन गर्न आवश्यक कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनको लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनु चुनौती रहेको छ।
- अर्ध-दक्ष तथा दक्ष जनशक्ति वैदेशिक रोजगारीतर्फ आकर्षित हुँदा स्वदेशी उद्योगहरुमा दक्ष श्रमशक्तिको आपूर्ति चुनौतीपूर्ण बन्दै भएको छ।
- स्वदेशी उद्योगहरुबाट उत्पादित वस्तुहरुको लागत कम गर्ने तथा गुणस्तर वृद्धि गरी बाह्य/अन्तर्राष्ट्रिय उत्पादनसँग प्रतिस्पर्धी क्षमता वृद्धि गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।
- अव्यवस्थित सहरीकरण एवम् जग्गा उपयोगको कारण लागतको दृष्टिकोणले नयाँ उद्योग स्थापना चुनौतिपूर्ण हुँदै गएको छ।
- उद्योग स्थापना, कर/दस्तुर चुक्ता लगायत नवीकरण सम्बन्धी कार्यमा समय तथा लागत कम गर्न एकल बिन्दु सेवाको कार्यान्वयन, प्रविधिको उपयोग, र विद्युतिय भुक्तानी कारोबारको अधिकतम प्रवर्द्धन गर्नुपर्ने चुनौती रहेको छ।
- औद्योगिक क्षेत्रको विकासको लागि जग्गा खरिद, पूर्वाधार निर्माण र वैदेशिक लगानी आकर्षण तथा अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहजीकरण गर्ने कार्य चुनौतिपूर्ण रहेको छ।

**सम्भावनाहरु**

- गण्डकी प्रदेशमा प्रशस्त उर्वर भूमी रहेको र पर्यटन विकासको पनि राम्रो सम्भावना रहेकोले कृषि उत्पादन अभिवृद्धि गर्दै कृषि प्रशोधन उद्योगहरु सञ्चालन मार्फत् पर्यटन र कृषि व्यवसायमा अग्र र पृष्ठ सम्बन्ध स्थापना गरी उत्पादन, आय र रोजगारी वृद्धि गर्न सकिने प्रवल सम्भावना रहेको छ।
- गण्डकी प्रदेशमा बिस्कुट, चाउचाउ जस्ता खाद्यवस्तुहरुको उद्योगको संख्या र उत्पादन बढी रहेको सन्दर्भमा त्यस्ता वस्तुहरुको उत्पादनलाई थप प्रोत्साहन गर्न सकिएमा उक्त वस्तुहरुमा आत्मनिर्भर हुन सकिने सम्भावना रहेको छ।
- नवलपरासी स्थित धौबादी फलाम खानीको उत्खनन कार्य प्रारम्भ गर्न सकिएमा फलामको उत्पादन वृद्धि गर्न सकिने सम्भावना रहेको छ।

- प्रदेशभित्र विभिन्न जिल्लामा युरेनियम, टुर्मालिन, चुनढुङ्गा, फलाम, टाल्क, रातोमाटो लगायतका खनिजजन्य वस्तुको सम्भावना रहेको छ ।
- यस प्रदेशमा मुख्य गरी परम्परागत हस्तकला/मूर्तिकला तथा क्युरियोका सामान उत्पादन गर्ने, ढुङ्गा, गिटी, बालुवा लगायतका खनिज तथा उत्खनन् सम्बन्धी, फलाम खानी उत्खनन् तथा प्रशोधन र कृषि तथा पशुजन्य उत्पादन एवम् श्रममा आधारित उद्योगहरुको स्थापना एवम् विस्तारको सम्भावना रहेको छ ।

# परिच्छेद ५ : सेवा क्षेत्र

गण्डकी प्रदेशको आर्थिक विकासमा सेवा क्षेत्र अन्तरगत खासगरी पर्यटन क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । सेवा क्षेत्रले प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा ५५.६ प्रतिशत योगदान पुर्‍याएको अनुमान छ भने पर्यटन क्षेत्रले अप्रत्यक्ष रुपमा कुल गार्हस्थ्य उत्पादनमा १० प्रतिशत र रोजगारीमा १५ प्रतिशत योगदान पुर्‍याएको अनुमान छ[५] ।

यस परिच्छेदमा पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, शिक्षा, स्वास्थ्य आदि जस्ता सेवा क्षेत्रको समस्या, चुनौती तथा सम्भावनाहरुको विश्लेषण गरिएको छ ।

## ५.१ पर्यटन

गण्डकी प्रदेश अन्तर्गत रहेका विभिन्न जिल्लाहरुबाट नमूना छनौटमा परेका दश होटलहरु मध्ये कास्कीस्थित होटल सांग्रिला भिलेज मर्मतको क्रममा रहेकाले समीक्षा अवधिमा सो होटलबाट तथ्याङ्क संकलन हुन सकेको छैन । बाँकी नौ होटलबाट प्राप्त तथ्याङ्कका आधारमा पर्यटन सम्बन्धी विवरणको विश्लेषण गरिएको छ । उक्त होटलहरुमा आ.व.२०७९/८० को पहिलो अर्ध-वार्षिक अवधिमा ६३५ शैया संख्या रहेका छन् । उक्त होटलहरुबाट प्रदान भएको रोजगारी समीक्षा अवधिमा ५.५ प्रतिशतले बृद्धि भएको छ भने अघिल्लो वर्षको सोही अवधिमा यस्तो रोजगारी ३.४ प्रतिशतले वृद्धि भएको थियो । गतवर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा पर्यटक आगमन १५.६ प्रतिशतले ह्रास आई १९ हजार १७९ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो संख्या १६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा चीनबाट आउने पर्यटकको संख्यामा ९२.४ प्रतिशतले गिरावट आई कुल पर्यटक आगमनमा ठूलो गिरावट देखिएको हो । सन् २०२० जनवरीको अन्त्यदेखि चीन सरकारले आफ्ना नागरिकलाई विदेश भ्रमणमा रोक लगाउँदै आएका कारण सोको प्रत्यक्ष प्रभाव यस प्रदेशमा देखिएको छ । हाल चीनले आफ्ना नागरिकलाई भ्रमणका लागि खुला गरेका ४० देशको सूचीमा नेपाल समेत रहेको हुँदा आगामी दिनमा चिनीया पर्यटकको आगमनमा वृद्धि हुने सम्भावना देखिन्छ ।

**तालिका ५.१ : होटलको विवरण**

| विवरण | आ.व २०७८/७९ (पुस मसान्तसम्म) | आ.व २०७९/८० (पुस मसान्तसम्म) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| पर्यटन आगमन संख्या | २२,७२० | १९,१७९ | -१५.६ |
| होटलको शैया संख्या | ६३५ | ६३५ | ०.० |
| प्रत्यक्ष रोजगारी संख्या | ३९७ | ४१९ | ५.५ |

*स्रोत : अध्ययन क्षेत्रका होटलहरु ।*

गण्डकी प्रदेशमा रहेका आन्तरिक हवाई सेवा कम्पनी संख्या गत वर्षकै १९ कायम रहेको भएतापनि हवाई सेवा कम्पनीको सिट क्षमता ४४.७ प्रतिशतले वृद्धि भई समीक्षा अवधिमा २,८१,०८८ पुगेको छ । समीक्षा अवधिको अन्त्यमा पोखरा अन्तराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको भएतापनि अर्न्तराष्ट्रिय उडान सुरु भइसकेको छैन ।

[५] आर्थिक सर्वेक्षण २०७८/७९, गण्डकी प्रदेश ।

**तालिका ५.२ : हवाई सेवा कम्पनीको विवरण**

| विवरण | आ.व २०७८/७९ (पुस मसान्त) | आ.व २०७९/८० (पुस मसान्त) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **हवाई सेवा कम्पनी संख्या** | १९ | १९ | ०.० |
| आन्तरिक | १९ | १९ | ०.० |
| अन्तर्राष्ट्रिय | ० | ० | ०.० |
| **हवाई सेवा कम्पनीको सिट** | १,९४,२५५ | २,८१,०८८ | ४४.७ |
| आन्तरिक | १,९४,२५५ | २,८१,०८८ | ४४.७ |
| अन्तर्राष्ट्रिय | ० | ० | ०.० |

*स्रोत : नागरिक उड्ययन प्राधिकरण, कास्की ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा यस प्रदेशमा रहेका महानगर/नगरपालिकाहरुबाट स्वीकृत घर/जग्गा रजिष्ट्रेशन संख्यामा ५३.८ प्रतिशतले ह्रास आई १२ हजार ३ सय ३१ पुगेको छ भने नक्सा पास संख्या २२.४ प्रतिशतले घटेको छ । फलस्वरुप घर जग्गा रजिष्ट्रेशन बापतको राजस्व आयमा समेत ५७ प्रतिशतले ह्रास आई रु.७ करोड ३८ लाख कायम भएको छ ।

**तालिका ५.३ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | आ.व. २०७८/७९ (साउन-पुस) | आ.व. २०७९/८० (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **घरजग्गा रजिष्ट्रेशन संख्या** | २६७१४.० | १२३३१.० | -५३.८% |
| **घर/भवन स्थायी नक्सा पास संख्या** | १६३०.० | १२६५.० | -२२.४% |
| **घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा)** | १७१६.३ | ७३७.९१ | -५७.०% |

*स्रोत : अध्ययन क्षेत्रका जिल्ला मालपोत कार्यालय तथा महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैकिङ्ग सेवा

(क) २०७९ पुस मसान्तमा गण्डकी प्रदेशका ११ जिल्लाहरुमा 'क', 'ख', 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरुको शाखा गत वर्षको सोही अवधिको तुलनामा १.५१ प्रतिशतले बढी १,४१६ पुगेको छ । प्रदेशमा बढी शाखा सञ्जाल रहेका जिल्लाहरुमा कास्की, नवलपरासी र तनहुँ पूर्व (बर्दघाट सुस्ता पूर्व) क्रमशः २६.८ प्रतिशत, १४.५ प्रतिशत र १३.८ प्रतिशत रहेका छन् ।


### तालिका ५.४ : बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति
२०७९ पुस

| जिल्ला | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघु वित्त वित्तीय संस्था | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कास्की | २०३ | ७८ | १९ | ७९ | ३७९ | २६.८ |
| स्याङ्जा | ४२ | २४ | २ | ६० | १२८ | ९.० |
| तनहुँ | ७८ | २३ | १ | ९४ | १९६ | १३.८ |
| गोरखा | ४४ | ६ | ४ | ६० | ११४ | ८.१ |
| लमजुङ | ४४ | ६ | २ | ५३ | १०५ | ७.४ |
| मनाङ | ११ | ० | ० | ६ | १७ | १.२ |
| मुस्ताङ | १६ | १ | ० | ७ | २४ | १.७ |
| पर्वत | २५ | १० | ० | ५३ | ८८ | ६.२ |
| बाग्लुङ | ४७ | ९ | १ | ५० | १०७ | ७.६ |
| म्याग्दी | २१ | ९ | ० | २३ | ५३ | ३.७ |
| नवलपरासी (पूर्व) | ६७ | २४ | ८ | १०६ | २०५ | १४.५ |
| जम्मा | ५९८ | १९० | ३७ | ५९१ | १४१६ | १००.० |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS) ।*

(ख) २०७९ पुस मसान्तसम्ममा गण्डकी प्रदेशमा कायम रहेका १४१६ शाखाहबाट परिचालित निक्षेपमा ७.३ प्रतिशतले वृद्धि भई रु.४ खर्ब २ अर्ब ३० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल निक्षेप ११.४ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा कुल कर्जा लगानी १३.९ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५९ अर्ब ४१ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो लगानी १४.१ प्रतिशतले वृद्धि भएको थियो।

### चार्ट ५.१ : निक्षेप तथा कर्जाको विवरण (रु.दश लाखमा)




*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)।*

(ग) २०७९ पुस मसान्तमा यस प्रदेशमा निक्षेपकर्ताहरुको कुल संख्या २०७८ पुस मसान्तको तुलनामा १२.२ प्रतिशतले वृद्धि भई ५१ लाख ७२ हजार ५४२ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि १२.५ प्रतिशत रहेको थियो। नेपाल सरकारले सबै नेपालीलाई खाता खोल्न प्रेरित गरेको तथा यस बैंक र इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु समेतबाट सञ्चालित वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमको सकारात्मक प्रभावस्वरुप निक्षेपकर्ताहरुको संख्यामा निरन्तर वृद्धि भएको छ।

(घ) २०७९ पुस मसान्तमा यस प्रदेशमा इन्टरनेट बैंकिङ्को दर्ता संख्या १ लाख ९३ हजार ५७७ र मोबाइल बैंकिङ दर्ता गर्नेको संख्या २३ लाख २५ हजार ३७१ लाख पुगेको छ । यसमध्ये इन्टरनेट सेवा र मोवाइल बैंकिङको सक्रिय प्रयोगकर्ताको संख्या भने क्रमशः १ लाख ६४ हजार ११० र १७ लाख ७२ हजार ६११ रहेको छ ।

**तालिका ५.५ : बैंक तथा वित्तीय संस्थाका वित्तीय उपकरण प्रयोगकर्ताको विवरण**

| विवरण | २०७८ पुस मसान्त | २०७९ पुस मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| इन्टरनेट बैकिंग | १,५१,७०० | १,९३,५७७ | २७.६ |
| मोवाइल बैकिंग | १८,६५,७४४ | २३,२५,३७१ | २४.६ |
| एटिएम संख्या | ४९७ | ५५२ | ११.१ |
| निक्षेपकर्ताको संख्या | ४६,०८,५३८ | ५१,७२,५४२ | १२.२ |
| ऋणीहरुको संख्या | २,५३,६१६ | २,४४,६३५ | -३.५ |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS) ।*

(ङ) आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट यस प्रदेश अन्तर्गत राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका शाखा कार्यालयहरुस्थित ९ वटा नोटकोषहरुमा रु.७ अर्ब २५ करोड फण्ड ट्रान्सफर भएको छ । अघिल्लो वर्ष सोही अवधिमा रु.८ अर्ब ६३ करोड फण्ड ट्रान्सफर भएको थियो ।

(च) आर्थिक वर्ष २०७९/८० को पुस मसान्तमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट रु.२ अर्ब ५२ करोड २ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको छ । अघिल्लो वर्ष रु. ५५ करोड ५१ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको थियो । समीक्षासमीक्षा अवधिमा कोभिड १९ महामारीको प्रभाव न्यून भएसँगै पर्यटक आगमनमा सुधार हुँदै गएकाले परिवर्त्य विदेशी मुद्रा प्राप्तीमा उल्लेखनीय सुधार आएको छ । कार्यालयमा प्राप्त कुल परिवर्त्य विदेशी मुद्रामध्ये अमेरिकी डलर २१.२ प्रतिशत र युरो २०.४ प्रतिशत रहेको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट रु.४ करोड ४० लाख बराबरको भारतीय मुद्रा बिक्री भएको छ ।

### ५.३.२ अन्य वित्तीय सेवा

२०७९ पुस मसान्तसम्ममा मनिचेन्जर ३९, होटल/रिसोर्ट ३४, ट्राभल एजेन्सी २२, ट्रेकिङ्ग एजेन्सी २५ र अन्य ६ गरी जम्मा १२६ संस्थाहरुले यस कार्यालयबाट विदेशी विनियम कारोवार गर्ने इजाजतपत्रप्राप्त गरेका छन् ।

## ५.४ यातायात तथा संचार

### यातायात

समीक्षा अवधिमा गण्डकी प्रदेश अन्तर्गतका यातायात कार्यालयमा दर्ता भएका यातायात साधनको संख्या ७ हजार ५९७ रहेको छ, जसमध्ये मोटरसाईकलको संख्या ५ हजार ४९ रहेको छ भने अन्य सवारी साधनको संख्या २ हजार ५४८ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यातायात साधनको संख्या १७ हजार ३७४ रहेकोमा मोटरसाईकलको संख्या १४ हजार ९३० र अन्य सवारी साधनको संख्या २ हजार ४४४ रहेको थियो । यस्तो ह्रास हुनुमा नीतिगत तहवाट  विलासीताका वस्तुहरुको आयातमा गरेको कडाई तथा बजारमा वित्तीय तरलताको अवस्थामा सुधार आउन नसक्नु रहेको छ ।

### तालिका ५.६ : गण्डकी प्रदेश अन्तर्गत यातायातका साधनहरुको दर्ता

| विवरण | २०७८ पुस मसान्त | २०७९ पुस मसान्त | प्रतिशत |
|---|---|---|---|
| यातायातका साधनको कुल संख्या | १७३७४ | ७५९७ | -५६.३ |
| मोटरसाईकल | १४९३० | ५०४९ | -६६.२ |
| अन्य ....... | २४४४ | २५४८ | ४.३ |

*स्रोतः अध्ययन क्षेत्रका यातायात कार्यालयहरु ।*

**संचार**

समीक्षा अवधिमा टेलिफोन सेवा प्रयोगकर्ताको संख्यामा गत वर्षको सोही अवधिको तुलनामा ३ प्रतिशतले गिरावट आएको देखिन्छ । ग्राहकहरुको मोवाइल सेवा प्रतिको बढ्दो आकर्षणका कारण टेलिफोन सेवामा गिरावट देखिएको हो । यसैगरी, अनलिमिटेड र उच्च गतिको इन्टरनेट पाउने हुनाले वायर्ड कनेक्सनमा ग्राहकको वृद्धि भएका कारण इन्टरनेट सेवा गत वर्षको तुलनामा समीक्षा अवधिमा १७.९ प्रतिशतले बढेको देखिन्छ ।

### तालिका ५.७ : टेलिफोन तथा इन्टरनेट प्रयोगकर्ताको विवरण

| विवरण | २०७८ पुस मसान्त | २०७९ पुस मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| टेलिफोन सेवा | ६४,३४५.०० | ६२,४०९.०० | -३.० |
| ईन्टरनेट सेवा | ३९,८३५.०० | ४६,९५६.०० | १७.९ |

*स्रोतः नेपाल टेलिकम दुरसंचार कार्यालय, पोखरा ।*

## ५.५ सेवा क्षेत्र कर्जा

बैंक तथा वित्तीय संस्थाहरुबाट यस प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तमा १.४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब १३ अर्ब ५ करोड रहेको छ । यस आर्थिक वर्षको पुस मसान्तसम्म गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जा प्रवाह मध्ये सेवा क्षेत्र कर्जा ३१.५ प्रतिशत रहेको छ ।

समीक्षा अवधिमा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये, थोक तथा खुद्रा बिक्रेता शीर्षकमा रु. ६७ अर्ब २ लाख (५९.३ प्रतिशत), वित्त, बीमा तथा अचल सम्पत्ति शीर्षकमा रु.१४ अर्ब ९९ करोड (१३.३ प्रतिशत), पर्यटन शीर्षकमा रु.२१ अर्ब २२ करोड (१८.८ प्रतिशत), यातायात, भण्डारण र संचार शीर्षकमा रु.६ अर्ब ७४ करोड (६ प्रतिशत), अन्य सेवा शीर्षकमा रु.३ अर्ब ९ करोड (२.७ प्रतिशत) कर्जा वक्यौता रहेको छ ।

### तालिका ५.८ : क्षेत्रगत सेवा कर्जा

रु. दश लाखमा

| विवरण | आ.व. २०७८/७९ पुस मसान्त | आ.व. २०७९/८० पुस मसान्त | प्रतिशत परिवर्तन | क्षेत्रगत सेवा कर्जाको अंश (प्रतिशतमा) आ.व.२०७९/८० पुस मसान्त |
|---|---|---|---|---|
| यातायात, भण्डारण र संचार | ६८०१.५ | ६७३९.४ | -०.९ | ६.० |
| थोक तथा खुद्रा विक्रेता | ६२९३६.० | ६७००२.१ | ६.५ | ५९.३ |
| वित्त, बीमा तथा अचल सम्पत्ति | १७१९२.६ | १४९९९.८ | -१२.८ | १३.३ |
| पर्यटन | २०४४५.८ | २१२२१.५ | ३.८ | १८.८ |
| अन्य सेवा | ४०९१.६ | ३०८९.५ | -२४.५ | २.७ |
| **कुल सेवा कर्जा** | १११४६७.५ | ११३०५२.४ | १.४ | १००.० |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS) ।*

### ५.५.१ सहुलियतपूर्ण कर्जा

सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५(तेस्रो संशोधन सहित), बमोजिम २०७९ पुस मसान्तसम्ममा गण्डकी प्रदेशमा कुल रु.२७ अर्ब ४६ करोड यस्तो कर्जा प्रवाह भएको छ । यस प्रदेशमा प्रवाहित कुल कर्जाको ४३.२६ प्रतिशत कास्की जिल्लामा मात्र प्रवाह भएको छ ।

**तालिका ५.९ : सहुलियतपूर्ण कर्जा**

| जिल्ला | सहुलियतपूर्ण कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| बाग्लुङ | १,२९६.२७ | ४.७२ |
| गोरखा | १,१३४.६२ | ४.१३ |
| कास्की | ११,८७६.९८ | ४३.२६ |
| लमजुङ | १,२३३.५३ | ४.४९ |
| मनाङ | ५७.७२ | ०.२१ |
| मुस्ताङ | २८१.१८ | १.०२ |
| म्याग्दी | ७९६.७१ | २.९० |
| नवलपरासी (पूर्व) | ४,६४५.०६ | १६.९२ |
| पर्वत | ८२२.५२ | ३.०० |
| स्याङ्जा | १,८३५.२८ | ६.६८ |
| तनहुँ | ३,४७६.०६ | १२.६६ |
| **जम्मा** | २७,४५५.९३ | १००.०० |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)।*

## ५.६ सहकारी

अध्ययनमा समावेश भएका १० सहकारी संस्थाहरुको पुँजी २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तमा ४.८ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब २१ करोड पुगेको छ । ती संस्थाहरुबाट समीक्षा अवधिमा सकंलन भएको निक्षेप १.९ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब ७१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ११.८ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तसम्ममा ती संस्थाहरुबाट प्रवाहित कर्जा २ प्रतिशतले वृद्धि भई रु. १७ अर्ब ६७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा प्रवाहित कर्जा कर्जा ३३.७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा गतवर्षको सोही अवधिको तुलनामा अध्ययनमा समावेश गरिएका सहकारी संस्थाहरुको कुल सदस्य संख्यामा १३.४ प्रतिशत बृद्धि भई १ लाख ८० हजार १२ पुगेको छ भने कर्मचारी संख्या ७.२ प्रतिशतले वृद्धि भई ४ सय ६३ पुगेको छ ।

**तालिका ५.१० : सहकारी सेवा**

| विवरण | २०७८ पुस मसान्त | २०७९ पुस मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कुल पुँजी (रु. दश लाखमा) | ४९६८.७ | ५२०६.९ | ४.८ |
| कुल बचत (रु. दश लाखमा) | १६३९५.८ | १६७०७.८ | १.९ |
| कुल कर्जा (रु. दश लाखमा) | १७३२४.९ | १७६६७.९ | २.० |
| सदस्य संख्या | १५८७२७ | १८००१२ | १३.४ |
| कर्मचारी संख्या | ४३२ | ४६३ | ७.२ |

*स्रोत: अध्ययनमा समावेश गरिएका सहकारीहरु ।*

## ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

### चुनौतीहरु

- धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण सम्बर्द्धन र पर्यटन विकासमा निजी क्षेत्रलाई सहभागी गराउने तथा पर्यटन क्षेत्रलाई उद्यमशीलता विकाससंग जोड्ने कार्य चुनौतीपूर्ण रहेको छ । साथै, पर्यटन क्षेत्रको विकास र विस्तारवाट प्राप्त प्रतिफललाई न्यायोचित तरिकाले ग्रामीण तहसम्म पुऱ्याउँदै पर्यटन क्षेत्रको विविधीकरण र विस्तार गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- पर्यटन सेवालाई छरितो, पर्यटकमैत्री, सुरक्षित र विश्वासिलो बनाउन, आधुनिक प्रविधि र उपकरणको प्रयोग गरी पर्यटकीय सेवालाई आकर्षक र मनोरन्जनात्मक बनाई पर्यटकको वसाई अवधि लम्ब्याउने कार्य चुनौतीपूर्ण रहेको छ ।
- स्थानीय उत्पादन उपलब्ध नहुँदा पर्यटकले उपभोग गर्ने सेवा र वस्तुको उपभोगबाट प्राप्त हुने लाभ अपेक्षित मात्रामा प्राप्त गर्न सकिएको छैन भने पर्यटनजन्य क्रियाकलापलाई वातावरणमैत्री बनाई संचालन गर्नु पनि चुनौतीपूर्ण देखिएको छ ।
- पर्यटकको आकर्षणको रुपमा रहेको लोपोन्मुख मौलिक संस्कृतिको संरक्षण गर्ने कार्य चुनौतिको रुपमा देखिएको छ ।
- सडक सञ्जालको विकासका क्रममा परम्परागत पदमार्गहरु मासिदै गएकोमा तीनको संरक्षण गर्ने तथा नयाँ पदमार्गहरु खोजी गर्ने र पदमार्गहरुमा सुरक्षा व्यवस्था तथा अत्यावश्यक सञ्चार सुविधा एवम् मौसम पूर्वानुमान सूचना प्रणालीको विकास गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- यस प्रदेशमा भ्रमण गर्ने पर्यटकहरुको व्यवस्थित तथ्याङ्क राख्न सकिएको छैन । आधिकारिक तथ्याङ्क प्रदायक निकायहरुबीच समन्वयको अभावका कारण पर्यटन सम्बन्धी तथ्याङ्कमा एकरुपता हुन नसक्दा तथ्यमा आधारित नीति तर्जुमा गर्ने कार्य चुनौतीपूर्ण बनेको छ ।
- गण्डकी प्रदेशको कुल निक्षेप तथा कर्जाको करिव ७० प्रतिशत हिस्सा तीनवटा जिल्ला कास्की, नवलपरासी (पूर्व) र तनहुँ जिल्लामा मात्रै अधिकेन्द्रित भएको पाइएको छ । यी तीन जिल्ला बाहेकका अन्य जिल्लाहरुमा पनि वित्तीय साधनको समुचित वितरणमार्फत आर्थिक गतिविधि चलायमान बनाउनुपर्ने चुनौती रहेको छ ।
- वित्तीय साक्षरताको कमीका कारण वित्तीय सेवाको माग पक्ष कमजोर रहेको र विद्युतीय कारोवारको दायरा समेत अपेक्षित रुपमा विस्तार हुन नसकेको अवस्थामा वित्तीय साक्षरता एवम् विद्युतीय कारोवार सम्बन्धमा साक्षरता बढाउनु पर्ने चुनौती रहेको छ ।

### सम्भावनाहरु

- प्रदेशमा रहेका विभिन्न पर्यटकीय स्थलहरुमा स्तरीय होटलहरु तथा अन्य पर्यटकीय पुर्वाधारहरु विकास र प्रबर्द्धन, पर्यटन सेवाहरुको विविधीकरण, सम्पदाहरुको संरक्षण र सौन्दर्यीकरण, पर्यटन क्षेत्रमा समावेशी पहुँच विस्तार, पर्यटन व्यवसायलाई ग्रामीण एवं समुदायसम्म विस्तार गर्न सकिएमा रोजगार केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि तथा गरीबी न्यूनीकरणमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको छ ।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भई हस्तान्तरण भइसकेको अवस्थामा हवाई सेवामार्फत् यस प्रदेशको सोझै सम्बन्ध अन्तर्राष्ट्रिय जगतसँग जोडिन पुग्ने भएकाले पर्यटन प्रवर्द्धनमा उल्लेखनीय टेवा पुग्ने सम्भावना छ ।
- उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी कोरिडोरको काम सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने अवस्था रहन्छ । यसवाट भारतीय

पर्यटकहरुको चीनका पर्यटकीय स्थलहरुमा छोटो र सहज पहुँच हुने र नेपालमा समेत पर्यटकको संख्यामा बढोत्तरी हुने सम्भावना छ ।

- पर्यटकहरुलाई थप आकर्षित गर्दै बसाई अवधि लम्ब्याउन तालहरुमा अत्याधुनिक Water Show/Water Sports (Jet Boating, Water Skiing, Underwater Scooter, Cruise Dinner) आदि जस्ता मनोरञ्जनात्मक गतिविधिहरुका लागि लगानी बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्न सकिने सम्भावना रहेको छ ।
- प्रस्तावित गण्डकी विश्वविद्यालयलाई Mining, Bio-diversity र Hydropower को विशिष्टकृत (Specialized) अध्ययन/ अध्यापन गराउने विश्वविद्यालयको रुपमा विकास गर्न सकेमा ती क्षेत्रको विकासमा सहयोग पुगी आर्थिक विकासमा उल्लेखनीय योगदान पुग्ने सम्भावना छ ।

# परिच्छेद ६ : पूर्वाधार र रोजगारी

यस परिच्छेदमा गण्डकी प्रदेश अन्तर्गत पर्ने प्रमुख राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति स्थिति, सडक संजालको अवस्थाका बारेमा समीक्षा गरिएको छ । पूर्वाधार क्षेत्रमा भएका समस्या, चुनौती तथा सम्भावनाहरुको बारेमा समेत यस परिच्छेदमा समेटिएको छ ।

## ६.१ पूर्वाधार क्षेत्र

### ६.१.१ राष्ट्रिय गौरवका आयोजनाहरुः

(क) **पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल** : विमानस्थलको निर्माण कार्य सम्पन्न भई २०७९ माघ ९ देखि आन्तरिकतर्फका उडान संचालनमा आएको छ । राष्ट्रिय गौरवको यस आयोजना २०७९ माघ महिनासम्ममा करिब ९९.५ प्रतिशत भौतिक कार्य सम्पन्न भएको छ । हाल आयोजनामा स्वदेशी ५० र विदेशी ३२ गरी कुल ८२ जना कार्यरत रहेका छन् ।

(ख) **बुढीगण्डकी जलविद्युत आयोजना** :

गोरखा जिल्लामा २५९३ मिलियन अमेरिकी डलर लगानीमा निर्माण हुने बुढीगण्डकी जलविद्युत आयोजनाको उत्पादन क्षमता वर्षायाममा १२०० मेगावाट र सुख्खा याममा न्यूनतम ९१८ मेगावाट रहेको छ । हाल कुल २५ व्यक्ति रोजगार रहेको उक्त आयोजनामा डुबान क्षेत्रमा पर्ने जग्गाको मुआब्जा वितरण, घर, गोठ लगायत अन्य संरचनाहरु, बोटबिरुवा तथा फलफूलहरुको मुआब्जा वितरण कार्य भईरहेको छ । आयोजनाले प्रभाव पार्ने गोरखा र धादिङ जिल्लातर्फ विभिन्न प्रकारका ४२०१ भौतिक संरचनाहरुको, करिब ११ लाख फलफुल तथा बोटविरुवाको र १०४ रोपनी जग्गाको मुआब्जा वापत कुल रु.१२२ करोड २४ लाख वितरण गरिसकेको छ । आयोजना निर्माण गर्ने कार्य अझै शुरु हुन सकेको छैन ।

**बक्स ६.१ : पोखरा अन्तर्राष्ट्रिय विमानस्थल**

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल वि.सं.२०७९ माघ ९ गते देखि सञ्चलनमा आएको छ । पोखरा म.न.पा वडा नं. १४ छिनेडाँडा, कास्कीमा अवस्थित यो विमानस्थल पोखराको आन्तरिक विमानस्थलबाट करिब ३ किलोमिटर पूर्व र नेपालको राजधानी सहरबाट २०० किलोमिटर पश्चिममा पर्दछ । यस विमानस्थलको उचाइ समुद्र सतहबाट करिब ८०० मिटर रहेको छ । कुल २१५.९ मिलियन अमेरिकी डलरको लागतमा बनेको यस विमानस्थल करिब ३ हजार ९ सय रोपनी क्षेत्रफलमा फैलिएको छ । आर्थिक वर्ष २०७२/७३ देखि उक्त विमानस्थलको निर्माण कार्य शुरु गरिएको थियो ।

यो विमानस्थल प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ र अन्नपूर्ण राउण्ड ट्रेकका साथै तीर्थयात्री र पर्यटकका लागि मुख्य प्रवेशद्वारको रूपमा रहेको छ । विमानस्थलले वार्षिक १० लाख यात्रु ओसारपसार गर्ने अपेक्षा गरिएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग ICAO 4D श्रेणीको रहेको छ । ६१० यात्री प्रतिघण्टा वा वार्षिक ८ लाख यात्रीलाई सेवा प्रदान गर्न सक्ने विमानस्थलको क्षमता रहेको छ । विमानस्थल संचालनले गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनमा थप योगदान पुऱ्याउने आशा गरिएको छ ।



https://news.mongabay.com

(ग) **कालीगण्डकी करिडोर :** कुल ४९५ कि.मी. लम्बाई भएको उत्तर-दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्गलाई मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड २९३ कि.मी. र जोमसोम-कोरला खण्ड २०२ कि.मी. गरी दुई भागमा विभाजन गरी निर्माण कार्य अघि बढाइएको छ । यस करीडोरको समीक्षा अवधिसम्म बेनी जोमसोम खण्ड करिब १६ प्रतिशत र मालढुङ्गा-गौंडाकोट खण्ड करिब ३२ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । आर्थिक वर्ष २०८२/८३ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको उक्त आयोजनाको प्रारम्भिक अनुमानित लागत रु.३२ अर्ब ५० करोड रहेको छ । यस आयोजनामा लोकमार्गमा पर्ने घर/टहरा, जग्गा जमिनको मुआब्जा सम्बन्धी विवाद र वन कार्यालयबाट रुख कटानीको स्वीकृति प्राप्तमा ढीलाई मुख्य समस्या देखिएको छ । आयोजनाबाट २०७९ पुस मसान्तसम्म १०२५ जनाले रोजगारी प्राप्त गरेका छन् ।

(घ) **मध्य पहाडी लोकमार्ग :** यस आयोजना अन्तर्गत गण्डकी प्रदेशको गोरखा-लमजुङ खण्डमा पर्ने १११ कि.मि. सडक निर्माणमध्ये ६० प्रतिशत कार्य सम्पन्न भएको छ । २०८० असार मसान्तमा सम्पन्न हुनुपर्ने यस आयोजनामा हाल Structural works, ग्रावेल, Base, Blacktop works आदि कार्य भइरहेको छ । आयोजनामा २३७ व्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । आयोजनाको गोरखा-लमजुङ् खण्डको कुल लागत रु. ६ अर्ब लाग्ने अनुमान गरिएको छ । ठेकेदार तथा कामदारले भुक्तानी पश्चात पनि समयमा काम नगर्नाले उक्त निर्माण कार्यमा सोचेअनुरुप प्रगति हुन सकेको छैन ।

उक्त लोकमार्गको कास्की-पर्वत-बाग्लुङ खण्डमा पर्ने २५० कि.मि.मध्ये ६५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । हाल उक्त खण्डमा पर्ने ७ वटा पुल तथा ३८ कि.मि. थप सडक निर्माणको ठेक्का सम्फौता भई सो को निर्माण कार्य अगाडि बढेको छ । त्यस्तैगरी रुढी-भैंसे खण्डमा नाली निर्माण तथा सब बेस, वेस निमार्ण र कालोपत्रको तयारी, कास्की याम्दीपुल-घट्टेखोला खण्डमा ट्राफिक सुरक्षा तथा Landscapping कार्य, मिलनचोक सुधार, बागलुङ्ग-घोडाबाँधे खण्डमा नाली निमार्ण तथा सब बेस, बेस निर्माण र कालोपत्रेको तयारी, घोडाबाँधे-हटिया, हटिया-बुर्तिवाङ खण्डमा मर्मत कार्य भईरहेको छ भने बुर्तिवाङ-पातिहाल्ने खण्डको निर्माण कार्य अन्तिम चरणमा पुगेका छ । आयोजनामा १८५ जनाले रोजगारी प्राप्त गरेका छन् ।

(ङ) **तनहुँ जलविद्युत आयोजना** : तनहुँ जिल्लामा निर्माणाधिन रहेको १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत आयोजनाको हालसम्म ३४.५ प्रतिशत कार्य सम्पन भइसकेको छ । आयोजनाका लागि जग्गा अधिग्रहणको मुआब्जा वितरण कार्य सम्पन्न भइसकेको छ भने आयोजनामा पावर हाउसको डाईभर्सन सुरुङ तथा मुख्य सुरुङ खन्ने र प्रशारण लाईनको टावरको जग निर्माण गर्ने कार्य भईरहेको छ । आयोजनाको अनुमानित लागत रु.५५ अर्ब रहेको छ भने यस आयोजनाबाट हाल १५१० जनाले रोजगारी प्राप्त गरेका छन् ।

### ६.१.२ सडक

समीक्षा अवधिमा यस प्रदेशमा कुल २४.४२ कि.मि. सडक निर्माण भएको छ, जसमध्ये पक्की सडक ९ कि.मि. (३६.८६ प्रतिशत) मात्र रहेको छ। गत वर्षको सोही अवधिमा कच्ची र पक्की सडक गरी कुल १४१.०७ कि.मि. नयाँ सडक निर्माण भएको थियो।

**तालिका ६.१ : सडक निर्माणको स्थिति**

| विवरण | आ.व.०७८/७९ (साउन-पुस) | आ.व.०७९/८०(साउन-पुस) |
|---|---|---|
| कच्ची सडक (कि.मि.) | ८७.३८ | ९ |
| पक्की सडक (कि.मि.) | ५३.६९ | १५.४२ |

*स्रोत: आर्थिक वर्ष २०७८/७९ तथा २०७९/८० को अर्धवार्षिक बजेट समिक्षा, गण्डकी प्रदेश।*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

प्रदेशको भौगोलिक बनावट तथा हावापानीका आधारमा यस प्रदेशका पूर्वाधार क्षेत्रमा विभिन्न चुनौती तथा समस्याहरु रहेका छन्। यस प्रदेशका समस्या, चुनौती तथा सम्भावनाहरुलाई निम्नानुसार उल्लेख गरिएको छ।

### समस्या तथा चुनौतीहरु

- सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वयको विकास गरी निर्माण कार्य व्यवस्थित गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।
- पूर्वाधार क्षेत्रका आयोजनाहरु निर्माणको क्रममा घर/जग्गा मुआब्जा सम्बन्धी विवाद शीघ्र समाधान गर्ने विधि र प्रक्रियाको निर्माण गरी आयोजना समयमै सम्पन्न गर्ने तथा लागत कम गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

### सम्भावनाहरु

- यस प्रदेशमा जलस्रोतको रुपमा खानेपानीका प्राकृतिक मूल, नदी तथा तालहरु धेरै रहेकाले खानेपानी र सिंचाईको प्रचुर संभावना रहेको छ।
- गण्डकी प्रदेशमा हाल साना ठूला गरी ३६ जलविद्युत परियोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् भने १२०० मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना लगायत अन्य थुप्रै आयोजनाहरु निर्माणको प्रक्रियामा रहेकाले यस प्रदेशमा जलविद्युत उत्पादनको उच्च सम्भावना रहेको छ।
- बाग्लुङ जिल्लाको ढोरपाटन क्षेत्रमा अवस्थित ८२८ मेगावाट क्षमता भएको सम्भावित उत्तर गंगा जलाशययुक्त जलविद्युत आयोजना निर्माण गरी गर्न जलविद्युत उत्पादन गर्न सकिने राम्रो सम्भावना रहेको छ।
- गण्डकी प्रदेशबाट तिब्बततर्फको नाका जोड्ने वैकल्पिक मार्गको रुपमा गोर्खा बजारदेखि लार्के भञ्ज्याङ हुँदै तिब्बत जोड्ने सडकमार्ग निर्माण गर्न सकिने सम्भावना रहेको छ।
- मुस्ताङ जिल्लामा सौर्य तथा वायु उर्जाको प्रचुर सम्भावना भएकाले सोको विस्तृत अध्ययन गरी सौर्य तथा वायु उर्जा उत्पादन गर्न सकिने सम्भावना रहेको छ।

## ६.३ रोजगारी

गण्डकी प्रदेश सरकारले सार्वजनिक गरेको "गण्डकी प्रदेश स्थिति पत्र, २०७५" अनुसार गण्डकी प्रदेशमा बेरोजगारी दर २.३ प्रतिशत र अर्धबेरोजगारी दर (१५-५९ वर्षको जनसंख्या) ३०.१ प्रतिशत रहेको छ । त्यसैगरी, युवा अर्धबेरोजगारी दर (१५-२४ वर्षको जनसंख्या) ४१.९ प्रतिशत रहेको छ ।

गण्डकी प्रदेशको आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार समीक्षा अवधिसम्ममा यस प्रदेशमा व्यवसायिक प्रतिष्ठानको संख्या १ लाख ६ सय ८४ पुगेको छ । यी प्रतिष्ठानहरुमा ३ लाख ३२ हजार ४ सय ७२ व्यक्तिले रोजगारी पाएको देखिएको छ । यसमध्ये थोक तथा खुद्रा व्यापारमा २९.९ प्रतिशत, शिक्षामा १८.४ प्रतिशत, आवास तथा भोजनमा १३.७ प्रतिशत र उत्पादनमूलक उद्योगमा ११.४ प्रतिशत रोजगारी सिर्जना भएको छ ।

यस प्रदेश अन्तर्गतका नमुना छनोटमा समेटिएका १४ उद्योगहरुमा ८१७ महिला र २४१० पुरुष गरी जम्मा ३२२७ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

यस प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रम ८१ पालिकाहरुमा सञ्चालन भएको छ । सो अन्तर्गत सञ्चालित १ हजार ६ सय १४ आयोजना मार्फत कूल १४ हजार २ सय ७४ व्यक्तिले रोजगारी पाएका छन् ।

**तालिका ६.२ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण**

| विवरण | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ |
|---|---|---|---|
| कार्यक्रम सञ्चालन गरेका स्थानीय तह | ७८ | ६९ | ८१ |
| कार्यक्रम सञ्चालन नगरेका स्थानीय | ७ | १६ | ४ |
| आयोजना संख्या | ७२४ | ४८८ | १,६१४ |
| रोजगारीमा संलग्न व्यक्तिको विवरण | १६,८६१ | ९,६११ | १४,२७४ |
| रोजगार औसत दिन | १०.७ | १३ | ७३ |
| जम्मा रोजगार दिन | १,८०,७०५ | १,२४,२३८ | १०,४५,०७५ |

*स्रोत: आर्थिक सर्वेक्षण-२०७८/७९, गण्डकी प्रदेश ।*

## ६.४ रोजगारीका चुनौती र सम्भावना

मुलुक भित्र रोजगारीका अवसरहरू पर्याप्त नभएकाले युवाहरु रोजगारीका लागि विदेशिएका छन् । यसबाट विप्रेषण आय प्राप्त हुने भएतापनि युवाहरुको परिचालनबाट मुलुक भित्र विकास निर्माण कार्यमा तिव्रता दिनुका साथै उत्पादन अभिवृद्धि मार्फत् आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने अवसरको उपयोग हुन सकेको छैन ।

- प्रदेशमा १५-५९ वर्षको जनसंख्याको बाहुल्यता भएतापनि गैह्र कृषि क्षेत्रमा पर्याप्त रोजगारीको सृजना हुन नसकेको र विकास निर्माण कार्यले पनि गति लिन नसकेको कारण प्रदेशले जनसांख्यिक लाभांश लिन सकेको छैन । प्रदेशभित्र रोजगारीको अवसर सृजना गरी जनसांख्यिक लाभ लिने कार्य चुनौतीपूर्ण छ ।
- वैदेशिक रोजगारीमा जाने अधिकांश श्रमिक सीप विहिन हुने भएकाले आय न्यून हुने र जोखिमपूर्ण कार्य गर्नुपर्ने अवस्था रहेको छ । बैदेशिक रोजगारीमा जाने युवालाई सीप सिकाउने र प्राविधिक कार्यका लागि मात्र वैदेशिक रोजगारीमा पठाउने नीतिले विप्रेषण आयमा समेत बढोत्तरी हुने सम्भावना देखिन्छ ।


# परिच्छेद ७ : प्रादेशिक कार्यक्रम तथा योजना

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रमको संक्षिप्त विश्लेषण गरिएको छ । यस अर्न्तगत प्रदेश सरकारको बजेटको आकार, खर्चको वर्गीकरण, र स्रोत परिचालनको स्थिति तथा व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रमको विश्लेषण गरिएको छ ।

## ७.१ गण्डकी प्रदेश सरकारको बजेट कार्यान्वयनको अवस्था

गण्डकी प्रदेशको आर्थिक वर्ष २०७९/८० को कुल बजेट रु.३५ अर्ब ९१ करोडमध्ये चालु खर्च रु.१३ अर्ब २६ करोड, पुँजीगत खर्च रु.२२ अर्ब १४ करोड र वित्तीय खर्च रु.५० करोड रहेको छ ।


**चार्ट ७.१ : गण्डकी प्रदेशको विनियोजित बजेटको अवस्था**




*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*

२०७९ पुस मसान्तसम्ममा गण्डकी प्रदेश सरकारको चालु खर्च जम्मा २१.९ प्रतिशत (रु.२ अर्ब ९१ करोड) खर्च र पुँजीगत खर्चतर्फ जम्मा १०.७ प्रतिशत (रु.३ अर्ब ६ करोड) खर्च भएको छ । अघिल्लो वर्षको सोही अवधिको तुलनामा चालु खर्च १९.७ प्रतिशत र पुँजीगत खर्च २९.४ प्रतिशतले वृद्धि भएको छ ।

**चार्ट ७.२ : गण्डकी प्रदेशको बजेट खर्चको अवस्था**




*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*

आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनाको अवधिमा गण्डकी प्रदेश सरकारको राजस्व परिचालन अघिल्लो वर्षको सोही अवधिको तुलनामा १२.४ प्रतिशतले कमी भई रु.४ अर्ब ५६ करोड पुगेको छ । यसमध्ये कर राजस्व रु.३ अर्ब ९७ करोड ३ लाख (८७.१%) र गैर कर राजस्व रु.५७ करोड १ लाख (१२.५%) रहेको छ । त्यसैगरी सेवा शुल्क लगायत अन्य सोतबाट रु.१ करोड ०५ लाख (०.३%) राजस्व परिचालन भएको छ ।

**तलिका ७.१ : आर्थिक वर्ष २०७९/८० को पुस मसान्तसम्ममा राजस्व परिचालन**

**रकम रु. करोडमा**

| उप-शिर्षक | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कर राजश्व | ४२२.२ | ३९७.३ | -५.९ |
| गैर कर राजश्व | ६०.१ | ५७.१ | -५.० |
| अन्य | ३८.४ | १.५ | -९६.१ |
| जम्मा | ५२०.७ | ४५५.९ | -१२.४ |

*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*


### प्रदेश सरकारको कार्यक्रम तथा परियोजना कार्यान्वयन

गण्डकी प्रदेश सरकारद्वारा कोरोला-त्रिवेणी सडक, सालिग्राम करीडोर, प्रदेश सभा भवन, फलेवास र शुक्ला गण्डकी नगरपालिकालाई स्याटेलाइट सिटीको रुपमा विकास गर्ने आयोजना, पुल निर्माण आयोजनाहरु, उज्यालो गण्की प्रदेश कार्यक्रम, गण्डकी विश्वविद्यालय, गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान, गण्डकी प्रज्ञा प्रतिष्ठान, घरबास विस्तार र सुदृढीकरण आयोजना, व्यावसायिक कृषि तथा पशुपन्छी फार्म बिस्तार कार्यक्रम, मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ स्थापना कार्यक्रम, चक्लाबन्दी प्रवर्द्धन कार्यक्रम, स्याउ विशेष कार्यक्रम, प्रादेशिक औधोगिक क्षेत्र, एक स्थानीय तह एक औद्योगिक ग्राम कार्यक्रम, अन्तराष्ट्रिय स्तरको क्रिकेट मैदान निर्माण, प्रदेश खेलकुद एकेडेमी र बहुउद्देश्यीय रंगशाला स्थापना, एक स्थानीय तह एक खेल मैदान, प्रदेश बसपार्क तथा बहुसांस्कृतिक ग्राम स्थापना जस्ता आयोजना तथा कार्यक्रमहरु हाल कार्यान्वयनमा रहेका छन् । समग्रमा गण्डकी प्रदेशका यस्ता आयोजनामा भएको लगानी मध्ये समीक्षा अवधिको अन्त्य सम्ममा २८.२ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ ।

## ७.२ स्थानीय तहको बजेट कार्यान्वयनको अवस्था

आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशका प्रमुख पाँचबटा स्थानीय तह (पोखरा महानगरपालिका, व्यास नगरपालिका, गोरखा नगरपालिका, पालुङटार नगरपालिका, पुतलीबजार नगरपालिका ) को पुँजीगत, चालु र वित्तीय बजेट क्रमशः रु.६९१ करोड रु.५४५.५ करोड र रु.३.५ करोड रहेको छ । यस मध्ये समीक्षा अवधिमा पुँजीगततर्फ रु.९२.८ करोड चालुतर्फ रु.२६७.२ करोड र वित्तीयतर्फ रु.१ करोड खर्च भएको छ । उक्त विवरण अनुसार पुँजीगत खर्च अन्य खर्चको तुलनामा न्यून भएको देखिन्छ ।

**चार्ट ७.३ : स्थानीय तहको विनियोजित बजेट तथा खर्चको अवस्था**




*स्रोत : अध्ययनमा समावेश गरिएका स्थानीय तहहरु ।*

आर्थिक वर्ष २०७९/८० को प्रथम अर्ध-वार्षिक अवधिमा यस प्रदेशका प्रमुख पाँचवटा स्थानीय तहको स्रोत परिचालन अन्तरगत राजश्व मार्फत रु.९८.७ करोड र अनुदान तथा हरुतान्तरण मार्फत रु.४७६.८ करोड रकम प्राप्त भएको छ । यस अवधिमा कर राजश्वबाट रु.५७.५ करोड र सशर्त अनुदानबाट रु.३३८ करोड रकम प्राप्त भएको छ ।

**तालिका ७.२ : २०७९ पुस मसान्तसम्म स्थानीय तहको स्रोत परिचालन**

| शिर्षक | उप-शिर्षक | रकम (रु.करोडमा) |
|---|---|---|
| राजस्व | कर | ५७.५ |
| | गैरकर | ४०.१ |
| | अन्य | १.१ |
| अनुदान तथा हस्तान्तरण | समानीकरण | १२८.० |
| | समपूरक | ५.४ |
| | विशेष | ५.४ |
| | सशर्त | ३३८.० |

*स्रोत : अध्ययनमा समावेश गरिएका स्थानीय तहहरु ।*

## ७.३ व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम

गण्डकी प्रदेश सरकारले कोभिड-१९ बाट प्रभावित पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका उद्यम तथा व्यवसायको जीवन रक्षा गर्न निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ जारी गरेको छ । सो अनुसार नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले यस प्रदेशका १८ वाणिज्य बैंक (मर्जर पश्चात १६) तथा ४ विकास बैंकहरुसँग सम्झौता गरेको छ । व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ अनुसार सम्झौता भएका बैंकहरुले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका व्यवसायलाई रु.५० हजार देखि रु.१५ लाख सम्म कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त कर्जाहरुमा बैंकहरुले अघिल्लो त्रयमासमा प्रकाशित आधार दरमा अधिकतम ३ प्रतिशत मात्र थप गरी व्याजदर कायम गर्नुपर्ने प्रावधान रहेको छ । साथै, गण्डकी प्रदेश सरकारले त्रैमासिक रुपमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालय मार्फत कर्जाको व्याज शोधभर्ना उपलब्ध गराउँदछ भने ऋणीहरुले कर्जाको साँवामात्र

भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै, उक्त कार्यविधि बमोजिम प्रवाहित कर्जाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण नेपाल राष्ट्र बैंकले आवश्यकतानुसार गर्ने व्यवस्था रहेको छ ।

कार्यविधि बमोजिम बैंकहरुले लक्षित व्यक्ति/समुह/फर्म/कम्पनीलाई शुन्य व्याजदरमा प्रदान गर्ने कर्जाको सीमा र भुक्तानी अवधि देहाय बमोजिम रहेको छ :

**तालिका ७.३ : कर्जाको सीमा र भुक्तानी अवधि**

| क.सं | कर्जाको शिर्षक र क्षेत्र | न्युनतम कर्जा रकम | अधिकतम कर्जा रकम | अधिकतम अवधि |
|---|---|---|---|---|
| १. | लघु घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | रु.१ लाख | रु.१५ लाखसम्म | ३ वर्ष |
| २. | साना पर्यटन व्यवसाय कर्जा | रु.१ लाख | रु.१५ लाखसम्म | ३ वर्ष |
| ३. | साना यातायात व्यवसाय कर्जा | रु.५० हजार | रु.१० लाखसम्म | ३ वर्ष |
| ४. | साना सेवा व्यवसाय कर्जा | रु.५० हजार | रु.१० लाखसम्म | ३ वर्ष |

*स्रोत: नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय ।*

**तालिका ७.४ : आ.व.२०७९/८० पुस मसान्तसम्मको क्षेत्रगत कर्जा प्रवाह**

| क.सं. | कर्जा शिर्षक | क्षेत्रगत कर्जा प्रवाह रकम (रु.दश लाखमा) | बक्यौता रकम (रु.दश लाखमा) | क्षेत्रगत कर्जा प्रवाह बक्यौता (प्रतिशतमा) |
|---|---|---|---|---|
| १. | लघु घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | ६४८.६९ | ३७७.०८ | ३५.७४ |
| २. | साना पर्यटन व्यवसाय कर्जा | ८१७.६३ | ४७८.२७ | ४५.३३ |
| ३. | साना यातायात व्यवसाय कर्जा | ९५.०३ | ५४.६९ | ५.१८ |
| ४. | साना सेवा व्यवसाय कर्जा | २५१.६३ | १४५.१६ | १३.७६ |
| **जम्मा** | | १,८१२.९७ | १,०५५.२० | १००.०० |

*स्रोत: नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय ।*

व्यवसाय जीवन रक्षा कोष कर्जा कार्यक्रम अन्तर्गत प्रवाह भएको कर्जाको सबैभन्दा बढी अंश (४५.३ प्रतिशत) साना पर्यटन व्यवसाय तर्फ गएको देखिन्छ भने सबैभन्दा कम कर्जा (५.२ प्रतिशत) साना यातायात व्यवसाय क्षेत्र तर्फ प्रवाह भएको छ । बैंकहरुले पहिलो पटक २०७७ माघ २१ देखि २०७७ फागुन २० सम्म र दोस्रो पटक २०७८ फागुन २० देखि २०७८ चैत्र १९ सम्म गरी दुई पटक कर्जाको लागि आवेदन आह्वान गरेका थिए । व्यवसायीहरुबाट प्राप्त आवेदन अनुसार सम्झौतित बैंकहरुबाट रु.८.४ अर्ब कर्जा प्रस्ताव प्राप्त भएको र सोमध्ये रु.५.२ अर्ब कर्जा यस कार्यालयबाट स्वीकृत भएको थियो । स्वीकृत कर्जाबाट बैंकहरु मार्फत १,६३८ ऋणीहरुलाई रु.१.८ अर्ब कर्जा प्रवाह भई २०७९ पुस मसान्तमा १,५९५ ऋणीहरुको रु.१.१ अर्ब कर्जा बक्यौता रहेको छ ।

# परिच्छेद ८ : परिदृष्य

यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि, उद्योग तथा सेवा क्षेत्रबाट तथ्याङ्क प्रदायक व्यक्ति तथा संस्थाहरुसँग गरिएको प्रश्नावली, सर्वेक्षण छलफल तथा अन्तरक्रियाका आधारमा आर्थिक वर्ष २०७९/८० को बाँकी अवधिका लागि कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको परिदृष्य प्रस्तुत गरिएको छ ।

## ८.१ कृषि उत्पादन

यस आर्थिक वर्षमा मल, सिंचाई तथा उन्नत जातका बिउको सहज उपलब्धता र अनुकूल मौसमका कारण गण्डकी प्रदेशमा कृषि उत्पादन सकारात्मक हुने देखिएको छ ।

- मल, सिंचाई तथा उन्नत जातका विउको सहज उपलब्धता, पुर्वाधारको विकास र समयमा वर्षा हुनु जस्ता कारणले धान उत्पादनमा करिब ६.८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

- मल तथा उन्नत जातको बिउको प्रयोग बढ्दै गएको कारण मकै र कोदोको उत्पादन क्रमश : २.४ प्रतिशत र १.४ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ भने गहुँको उत्पादनमा सामान्य वृद्धि हुने प्रक्षेपण रहेको छ ।

- यस वर्ष अनुकुल मौसमका कारण तोरी बालीको उत्पादन बढ्नुका साथै महको उत्पादन १.९ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ । यसैगरी मुस्ताङ जिल्लामा ऊनको प्रयोग गरी बन्ने स्थानीय समाग्रीको माग घटेको कारणले समग्रमा ऊनको उत्पादन ५.१ प्रतिशतले घट्ने प्रक्षेपण गरिएको छ ।

- राज्यले युवाशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्न विभिन्न कार्यक्रमका साथै अनुदान र सहयोग उपलब्ध गराइरहेको छ । बढ्दो बेमौसमी तरकारी खेती, प्लाष्टिक घरको विस्तार, मल, सिंचाई तथा उन्नत जातका विउको सहज उपलब्धता साथै गैरसरकारी संस्थाहरुद्वारा समेत कृषकहरुलाई तालिम, सचेतना र प्रोत्साहन गर्दै आएको कारण तरकारीको उत्पादन १.४ प्रतिशत वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

- यस वर्ष अनुकूल मौसमका कारण सुन्तला र स्याउको उत्पादनमा वृद्धि भएको देखिन्छ । मुस्ताङमा यातायात सुविधा सहज हुँदै गएको र उक्त क्षेत्रको स्याउको माग समेत बढेका कारण व्यवसायिक स्याउ खेतीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएको छ । यसका अलावा फलफूल खेतीतर्फ बगैंचा सुदृढीकरण र क्षेत्रफल विस्तार हुनुका साथै कृषि तथा पशुपन्छी कर्जामा व्याज अनुदान आदिका कारण फलफूल उत्पादनमा ५.८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

- अध्ययन क्षेत्र अन्तर्गतका जिल्लाका भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयहरुबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार दुधको उत्पादनमा ०.५ प्रतिशत, मासुको उत्पादन ०.९ प्रतिशत, र माछाको उत्पादन १.६ प्रतिशतको हाराहारीमा वृद्धि हुने प्रक्षेपण गरिएको छ । लेयर्स फर्महरुले दानाको मूल्य बढेका कारण कम चल्ला राख्न थालेकाले अण्डाको उत्पादनमा सामान्य मात्र वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

- जिल्ला वन कार्यालयहरुबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०७८/७९ मा काठको उत्पादनमा ३२.४ प्रतिशतले र दाउराको उत्पादनमा ०.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ । त्यसैगरी, जडिबुटीको उत्पादन ३८.७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको छ । कोभिडको महामारी कम भएकाले उत्पादन उपयोगमा बढोत्तरी हुने र निजी वनबाट काठ दाउरा संकलन सम्बन्धमा वन ऐन, २०७६ मा भएको सरल र सहज व्यवस्थाका कारण निजी आवादीबाट किसानहरुले काठ संकलन कार्यमा उत्सुकता देखाएका हुँदा काठको उत्पादनमा उल्लेख्य मात्रामा वृद्धि हुने प्रक्षेपण गरिएको छ । डिभिजन बन कार्यालय गोरखाका अनुसार जडिबुटीको बजार माग बढी भएको तथा उपभोक्ताहरुबाट समेत खेती विस्तार गरी उत्पादन गर्न सुरु गरेको हुँदा जडिबुटीको उत्पादन बढी हुने देखिएको छ ।

## ८.२ औद्योगिक उत्पादन

गण्डकी प्रदेशमा उद्योगहरुको क्षमता उपयोग गतवर्षको तुलनामा केही कम देखिएतापनि समग्र उत्पादनमा भने औद्योगिक उत्पादनको परिदृश्य सकारात्मक हुने देखिएको छ ।

- प्रदेशमा उत्पादित सिमेण्ट उत्पादनको बजार माग विस्तार भएको र अरनिको आँबुखैरेनी सिमेन्ट उद्योग नियमित रुपमा सञ्चालन भई क्षमताको अधिकतम उपयोग हुन सकिने देखिएकाले चालु आर्थिक वर्ष गण्डकी प्रदेशमा सिमेण्टको उत्पादनमा ८५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- दूध, चुरोट, र तोरीको तेलको उत्पादन यथास्थितिमा रहने र ईटाको उत्पादनमा १० प्रतिशत तथा चकलेटको उत्पादनमा ५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- यस क्षेत्रमा रहेको टाइम फर्मास्युटिकल्स प्राइभेट लिमिटेडले उत्पादन गर्ने औषधिको माग बजारमा बढ्दै गएकोले औषधिको उत्पादन ४.३ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- मैदामा भएको मूल्य बृद्धिका कारण मूल्यमा आएको बृद्धि तथा विदेशबाट आयात हुने विस्कुटका कारण स्वदेशी बिस्कुट र चाउचाउको उत्पादनमा पनि केही ह्रास आउने प्रक्षेपण गरिएको छ ।

## ८.३ सेवा क्षेत्र

- यस प्रदेशका नमूना छनौटमा परेका सहकारीहरुमा आवद्ध सदस्य संख्यमा भएको वृद्धि, संस्थाको सेवा केन्द्रको विस्तार, ऋण लगानी तथा भुक्तानीमा भएको सहजता, बैंकको बढ्दो व्याजका कारण सहकारी र बैंकको व्याज अन्तर कम रहेको हुँदा ग्राहकहरु सहकारीतर्फ आकर्षित भएकोले कर्जा तथा लगानीमा २०.४७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ । यसका अलावा नियमित रुपमा मासिक बचत गर्ने सदस्य संख्यामा समेत वृद्धि भएका कारण निक्षेप परिचालनमा समेत १६ प्रतिशतले बढ्ने प्रक्षेपण रहेको छ ।
- अन्तरराष्ट्रिय रुपमा फैलिएको कोभिड-१९ को संक्रमण घट्दै जानु, चीन सरकारले आफ्ना नागरिकलाई अन्तराष्ट्रिय भ्रमणको लागि खुल्ला गर्नु तथा होटलहरुको सेवा तथा सुविधामा भएको विस्तारका कारण यस प्रदेशमा पर्यटन आगमन ४३.५८ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ।

## ८.४ पूर्वाधार क्षेत्र

वर्षायाम शुरु हुन लागेको तथा पूर्वाधार निर्माणको लागि कच्चा पदार्थको आयात पर्याप्त देखिएतापनि दक्ष मजदुरहरुको सहज उपस्थिति हुन नसकेको र पूर्वाधार निर्माणमा वातावरणजन्य असहजता र मुआब्जा वितरणमा अझै समस्या रहेकोले पूर्वाधार सम्पन्न हुने समय र लागत बढ्ने अनुमान छ ।